संयोजक
**प्राज्ञ रीना तुलाधर (बनिया)**
'परियत्ति सद्धम्म कोविद'

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५
नेपाल सम्वत् ११३१
इस्वी सम्वत् २०११
बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

13th AUGUST 2011

## कमला गुरुमां प्रव्रज्या स्वर्ण महोत्सव विशेषाङ्क

| वर्ष- २९ | अङ्क- ४ | गुंपुन्हि | श्रावण २०६८ |
|---|---|---|---|




यस संसारलाई पानीमा उठेका फोका अथवा मृगतृष्णा बराबर सम्झेर बस्ने व्यक्तिलाई यमराजले देख्दैन ।

धर्म आचरण राम्रोसंग गर्नुपर्छ, दुराचरण गर्नु हुँदैन । धर्माचरण गर्ने पुरुषले यसलोक र परलोक दुबैमा सुखपूर्वक जीवन बिताउँछ ।

कञ्जुसहरूले देवलोकीय सुख भोग गर्न पाउँदैनन् । मूर्खहरूले दानको प्रशंसा गर्दैनन् । धीर पण्डितहरूले दानको अनुमोदन गरेर दानको पुण्यले परलोकमा सुख प्राप्त गर्दछन् ।

यो संसार अन्धो छ, आँखा हुने मानिस थोरै मात्र छन्, जालबाट मुक्त हुने चराहरू जस्तै थोरै मात्रले स्वर्गीय सुख भोग गर्न पाउँछन् ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# क्लेश भएका र नभएका चार प्रकारका व्यक्तिहरू

गौतम बुद्धले बुद्धत्त्व प्राप्त गर्नुभएको बीस वर्षसम्म भिक्षुसंघ बीच कुनै पनि विकृति उत्पन्न भएको थिएन । पछि बुद्ध प्रमुख भिक्षुसंघलाई अनुशासित रूपमा लाभ सत्कार र सम्मान प्राप्त हुन थालियो । पहिला पहिला वैराग्य भाव लिएर मानिसहरू भिक्षु हुन आउँथे । पछि हुँदा हुँदै लाभ सत्कार एवं सुविधामुखी र महत्त्वाकांक्षी भावना सहितका मानिसहरू भिक्षु हुन थाले । भिक्षु अल्पेक्षु हुनुपर्नेमा महत्वाकांक्षी हुनपुगे । अनुशासित हुनुपर्नेमा आचार संहितालाई वास्ता नगरी स्वेच्छाचारी हुन पुगे । सेवक हुनुपर्नेमा मालिक र विहाराधिपति हुन पुगे । मैत्री चित्त हुनुपर्नेमा ईर्ष्या र क्रोध गर्नथाले । बुद्धकालिन समय देखि फैलिएको रोग हो यो । यस्तो अवस्था आएपछि भगवान् बुद्ध स्वयं भिक्षु संघलाई अनुशासित बनाउन अगाडि बढ्नुभयो ।

एकदिन भिक्षु भद्दालिले भगवान बुद्धसंग यस्तो प्रश्न र ाख्नुभयो–

भन्ते ! हजुरले कोही भिक्षुलाई सानो गल्ली गरेवापत पनि सम्झाई बुझाई उपदेश दिनुभई तालिम दिने गर्नुहुन्छ भने कसैलाई यसरी उपदेश नदिई उपेक्षा गर्नुहुन्छ किन होला ?

उक्त भिक्षुलाई भगवान् बुद्धले यसरी उत्तर दिनुभएको थियो– "अनुशासित र श्रद्धापूर्वक भिक्षु भएका व्यक्तिलाई मैले सम्मान गर्छु । तर अट्टेरी र मिचाहा प्रवृत्तिका व्यक्तिलाई मैले सम्झाइरहने काम गर्दिन । (भद्दालि सूत्र मज्झिम निकाय)

त्यसपछि गौतम बुद्धले भिक्षुहरूलाई तालिम दिने कामको जिम्मा उहाँका प्रमुख शिष्य सारीपुत्र महास्थविरलाई सुम्पनुभयो । यही सिलसिलामा एकदिन सारीपुत्र महास्थविरले भिक्षुसंघलाई जम्मागरी धर्मोपदेश दिंदै भन्नुभयो–

"भिक्षुहरू हो ! यस संसारमा चार प्रकारका व्यक्तिहरू छन्–

(१) क्लेश अर्थात् आफूले गलती गरेर पनि ढाकछोपगरी गलती महशूस नगर्ने व्यक्ति ।
(२) आफूमा रहेका गलती र क्लेशलाई महशूस गर्ने व्यक्ति ।
(३) आफूले गलती गरेर पनि गलती भइरहेको थाहा नपाउने व्यक्ति ।
(४) आफ्नो गलती नभएकोलाई गलती छैन भनी थाहा पाएको व्यक्ति ।

यी चार प्रकारका व्यक्तिहरू मध्ये १ नं. र ३ नं. का व्यक्तिहरू नीच र हीन व्यक्ति हुन् । तर २ नं. र ४ नं. का व्यक्तिहरू भने उच्चस्तरका प्रशंसनिय व्यक्तिको रूपमा गनिन्छ ।

यो उपदेश सुनिरहेको भिक्षुहरूले भिक्षु सारीपुत्रको उपदेश बुझ्न नसकी प्रश्न गरे–

"भन्ते सारीपुत्र ! क्लेश अर्थात् गलती भएका दुवै जना व्यक्तिहरूमध्ये एकजना नीच र एकजना उत्तम कसरी हुनसक्छ र ! फेरि क्लेश अर्थात् गलती नभएका दुई व्यक्तिहरू मध्ये एक जना नीच र एकजना उत्तम कसरी हुनसक्छ र ? यसलाई अलि स्पष्ट पारिदिनु भए बेस हुनेथियो ।"

त्यसो भए राम्ररी ध्यान दिएर सुन्नुस् भन्नुहुँदै सारीपुत्र भन्तेले स्पष्टीकरण दिनुभयो– आफूमा क्लेश, गलती एवं कमजोरी हुँदा हुँदै त्यसलाई महशूस गर्न नसकी बेहोशी बन्ने व्यक्तिहरूले पटक पटक गलती दोहोर्‍याउँदै जान्छन् । त्यसैले त्यस्तो व्यक्तिमा अहंकार, महत्त्वाकांक्षी स्वभाव उत्पन्न हुन्दै जान्छ । यस्ता व्यक्तिहरूले नीच कार्यहरू गर्न पछि हट्दैनन् । त्यसैले यस्ता व्यक्तिहरूलाई नीच व्यक्ति भनिन्छ ।

मौद्गल्यायन भन्तेले प्रार्थना गर्नुभयो– "भन्ते ! तपाईंले अरू पनि केही उदाहरण दिई प्रष्ट पार्नु हुन्छ कि ?"

सारीपुत्र महास्थविरले फेरि उदाहरण दिनुहुँदै भन्नुभयो–

"कुनै पसलबाट एउटा पुरानो र अर्को नयाँ भाँडो किनेर ल्याइएको छ । ती दुईवटा नै भाँडाहरू प्रयोगमा नल्याइकन फोहरहरू राख्ने ठाउँमा थन्काइराखेमा के हुन्छ ? पुरानो भाँडो त झन् पुरानो भई खिया लागेर काम नलाग्ने हुनेछ । नयाँ भाँडो पनि प्रयोगमा नल्याइएको कारणले धूलो र कसिंगरले भरिएर अपवित्र र फोहर देखिने हुन्छ ।

यसरी नै माथि उल्लेख गरिएका दुईजना व्यक्तिहरू मध्ये गलती गरे पनि ढाकछोप गर्ने व्यक्तिले झन्झन् गलती कार्यहरू दोहर्‍याउँदै जान्छ र उ नीच एवं काम नलाग्ने व्यक्ति भएर जानेछ भने गलती गरेको चाल नै नपाउने व्यक्तिले नजानीकन नै गलती गर्दै अगाडि बढीरहेको हुन्छ । जसले गर्दा उसले आफूलाई राम्रो मार्गमा मोड्न कठिन हुनेछ ।

तर गलती गरेपछि आफूले गलती गरें भन्ने कुरालाई महशूस गर्ने व्यक्तिले आफूले गरेको गलती एवं कमजोरी, ईर्ष्या, डाह र महत्त्वाकांक्षी स्वभावलाई हटाउन सक्नेछ । यदि गलती कार्य उसबाट हुन पुगेको नै छैन भन्ने थाहा पाएमा पछिपछि पनि उसले त्यस्तो गलती हुने काम गर्दैन ।

जसरी पुरानो भाँडो र नयाँ भाँडोलाई दिनका दिन सफा गरी खरानी र साबुनले माझेर पखालेर प्रयोगमा ल्याउन सके मात्र त्यो भाँडो संधै चम्किरहन्छ । त्यसरी नै आफूले आफैलाई जाँचबुझ गरी खराब कार्य गर्नुबाट होशियार हुन सकेमा हामीले आफूलाई पवित्र एवं असल व्यक्ति बनाउन सक्षम हुनेछौं ।

सारीपुत्र भन्तेको यो उपदेश सुनी अट्टेरी र महत्त्वाकांक्षी भिक्षुहरूले शिक्षा लिई अनुशासित, सदाचारी एवं असल मानिस बन्न सक्षम भए । यस घटनाबाट हामीले यसरी शिक्षा लिन सक्छौं–

"गलती जोसुकैबाट पनि हुनसक्छ, तर आफूले गरेको गलतीलाई महशूस गरी त्यसलाई फेरि फेरि दोहरिन दिन हुन्न । जसले गलती दोहर्‍याउँछ उसले आफैंलाई नोक्सान पुर्‍याइरहेको हुन्छ ।"



Downloaded from http://www.dhamma.digital

# विषय सूचि


| | | | |
|---|---|---|---|
| १) | बुद्ध वचन - १ | | |
| २) | क्लेश भएका र नभएका चार प्रकारका व्यक्तिहरू | - | २ |
| ३) | विपश्यना शिविर र आत्मदर्शन | - सत्यनारायण गोयन्का, अनु. विश्व शाक्य | ५ |
| ४) | बौद्ध विश्वास–७ | - के.श्री. धम्मानन्द, अनु. प्रकाश बज्राचार्य | ७ |
| ५) | धम्मपद–२४२ | - प्राज्ञ रीना तुलाधर (बनिया) | ९ |
| ६) | गुरुमांप्रति मेरो भावना | - भावनावती गुरुमां | ९ |
| ७) | आदर्श नारी रूकमावती | - अ. शान्तिवती | ११ |
| ८) | कमला गुरुमां र पद्मकीर्ति विहार | - प्राज्ञ रीना तुलाधर | १३ |
| ९) | उपकारी गुरुमां कमला | - ध्यानवती गुरुमां | १७ |
| १०) | मैले चिनेको मेरो गुरुआमा 'कमला' | - रेखा तामाङ्ग | १९ |
| ११) | मेरी ठूली आमा | - श्राविका ताम्राकार | २० |
| १२) | मेरो मनको अन्तस्करणमा अनागारिका दिदी, म र मेरी छोरी | - अनिला ताम्राकार | २१ |
| १३) | आर्या प्रज्ञाया सुवर्ण दिवसया लसताय् | - श्रमण ज्ञांजा | २४ |
| १४) | कमला गुरुमांलाई कदर गर्ने हो भने ... ... | - सुमन शाक्य | २५ |
| १५) | शुभ-कामना ... ... | - भिक्षु अश्वघोष | २६ |
| १६) | बुद्ध शासनया यात्राय् कमला गुरुमां | - लोचनतारा तुलाधर | २७ |
| १७) | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | २९ |
| १८) | कमला गुरुमांया संक्षिप्त जीवनी | - | ३० |
| १९) | हने ब:हम्ह कमला गुरुमांयात 'वन्दना' अले 'भिन्तुना' | - तुलसी सायमी (मानन्धर) | ३२ |
| २०) | संसारया दुर्लभ निता प्रकारया मनूत | - मदनरत्न मानन्धर | ३३ |
| २१) | कमला गुरुमांको प्रव्रज्या ५० वर्ष स्वर्ण महोत्सव समारोह सम्पन्न | | ३५ |
| २२) | सद्भावया पात्र 'कमला गुरुमां | - प्रा. सुवर्ण शाक्य | ३७ |
| २३) | ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग | - | ३८ |
| २४) | कर्मफल–३ | - धम्मवती गुरुमां | ३९ |
| २५) | धर्मकीर्ति विहार, गतिविधि | - | ४१ |




Downloaded from http://www.dhamma.digital

# प्रव्रज्याया ५० दँय् जिमिगु भिंतुना




नेपाःया थेरवादी बुद्ध शासन घिसिलाकेगु ज्याय् ज्वःमदुगु योगदान बियाबिज्यानाच्वंम्ह

**श्रद्धेय कमला गुरुमां (अनागारिका पञ्ञा)**

**प्रव्रजित जुयाबिज्याःगु ५० दँय् क्यंगु लसताय्**

वसपोलया आरोग्य, ताःआयु व सुख शान्तिया कामना यासे

आः वइगु इलय् नं बुद्ध शासन व विश्वशान्ति क्वातुकेगु ज्याय् वसपोलया सक्रियता सदां थें

अटल जुयाचवनेमा धकः भिंतुना ।

**छँजःपिं :**

(**केहें/जिलाजं**) - विमला/ध्रुवदास राजकर्णिकार - अमला/अशोकमान तुलाधर - साधना/तुल्सिदान मानन्धर - दिलिप ताम्राकार - प्रमिला/पुरुषोत्तम डंगोल - उर्मिला/किशोर बज्राचार्य - सुशिला/राजा शाक्य

(**किजा/भौ**) - राजेन्द्र/शुभद्रा राजकर्णिकार

(**केहें/जिलाजं**) - सरला/ज्योति शर्मा - अनिला/सुरेश ताम्राकार

(**म्ह्यायचा/जिलाजं**) - अमिता/चैत्य कंसाकार - अनिता/बिनोद ताम्राकार - लिजा/उज्वल श्रेष्ठ

(**कायचा/भां**) - उज्वल/रितु राजकर्णिकार - अनुप/संगिता तुलाधर

(**कायचा/म्ह्यायचा/भिंचा**) - विवेक मानन्धर - विशाल मानन्धर - दिपिका ताम्राकार - प्रज्ञान वज्राचार्य - दिवेश ताम्राकार - निवेश ताम्राकार - प्रवल डंगोल - प्रतिक बज्राचार्य - प्रविण डंगोल - इभा राजकर्णिकार - इलेश राजकर्णिकार - सहज शाक्य - सजन शर्मा - ज्यास्मिन शर्मा - श्राविका ताम्राकार

(**छ्य्**) - चिराग कंसाकार - युजल ताम्राकार - आर्यन कंसाकार - अभिक राजकर्णिकार



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ सत्यनारायण गोयन्का
अनुवादक- विश्व शाक्य

विपश्यनाको अभ्यास गर्दा हामीलाई शरीरका विभिन्न सम्वेदनाहरूको अनुभूति हुन्छ । जब कहिले पृथ्वीधातु प्रबल भएर आउँछ र कहिले शरीर भारी लाग्छ कहिले हल्का । जब वायु-धातु प्रबल भएर आउँदा कुनै प्रकारको हलचल, कम्पन, तरङ वा धड्कनको अनुभव हुन्छ । हरेक धातुले आ-आफ्नो स्वभाव प्रकट गर्दछन् । यही शरीरस्कन्धको परमाणु-समूहमा चारै महाभूतहरू समाविष्ट भएका हुन्छन् । यी चारै महाभूतहरूमा जब एउटा प्रबल भएर आउँछ त आफ्नो गुणधर्म र स्वभाव प्रकट गर्ने हुन्छ र त्यसैलाई हामी सम्वेदनाको रूपमा अनुभव गर्दछौं । अन्य सुषुप्त रहनेछन् । कहिलेकाही यस्तो पनि हुन्छ कि दुइवटा महाभूत एकै पटक प्रकट हुन्छ र दुबैको आ-आफ्ना स्वभावधर्म र गुणको अनुभव हामीलाई हुन्छ तर यस्तो अवस्था कहिल्यै हुँदैन कि चारैवटा महाभूत एकै पटक प्रबल रहोस् ।

बाहिरको दुनियाँमा पनि हामी यही देख्दछौं । कतै ठोस हिउँको ढिक्का छ भने त्यसलाई पृथ्वीधातु भन्नुहोस् । जब हिउँ पग्लेर तरल पानी भएर बग्न थाल्यो भने त्यसलाई जल-धातु भन्नुहोस् । बाफ भएर हावामा विलीन भयो भने त्यसलाई वायु-धातु भन्नुहोस् अनि तीनै अवस्थामा त्यसमा तापमान छ, कतै चीसो त कतै तातो छ भने त्यसलाई अग्नि धातु भन्नुहोस् ।

यस्तै प्रकार शरीरको भित्र पनि हामीलाई धातुहरूको अनुभूति हुने हुन्छ । उसलाई साक्षीभावले हेरौं । यो शरीरको रसायन हो । यसमा कहिले यसप्रकारको, कहिले उस प्रकारको कलापहरू आ-आफ्नो गुण,धर्म, स्वभावका उत्पन्न हुने र विलय हुने गर्दछन् । नष्ट हुनको लागि नै प्रकट हुने हुन्छ । प्रकृतिको यस खेललाई र प्रपञ्चलाई राम्ररी जानौं । यदि यसलाई अज्ञानतावश भोग्न लाग्यौं भने राग द्वेषको नयाँ संस्कार बन्न थाल्नेछ । अज्ञानी छौं त भोग्छौं । भौग्छौं त बन्धनमा पर्छौं । ज्ञान जागृत होओस्, बोधि जागृत होओस्, कुरा सम्झियोस् र यही बन्धन खोलिने उपाय बन्दछ ।

यी जुन भिन्न भिन्न स्वभावका परमाणुहरू प्रमुख भएर अगाडि आउने हुन्छन्, तिनका कारण थाहापाउनु पनि हाम्रो लागि आवश्यक हुनेछ । विना कारण संसारमा केहीपनि हुँदैन । यिनका चारवटा मोटा-मोटा कारण छन् । एउटा मोटो कारण यो हो कि यी परमाणु पुंज अर्थात् हाम्रो शरीरलाई हामी भौतिक आहार दिन्छौं । जस्तो भोजन दिन्छौं आहार दिन्छौं त्यस्तै परमाणु बन्ने हुन्छ । जब-जब सम्वेदनाहरूलाई देख्नमा साधकहरू पोख्त हुनेछन् यो कुरा अनुभवबाट स्पष्ट हुनथाल्नेछ । कुनै दिन यदि अदुवा-खोर्सानी बढी भएको मसलायुक्त भोजन गऱ्यो भने ध्यानको समयमा सारा शरीरका जलन महसूस हुनेछ । यसको मतलब अग्निधातु आफ्नो प्रभाव लिएर आयो । कुनै दिन बासी भोजन वा घिउ तेलमा तारेको भोजन गऱ्यो भने ध्यानको समय जीउ गरूङ्गो भएको महसूस हुनेछ । यो पृथ्वीधातुको प्रकटीकरण हो । यदि हामीले स्वस्थ भोजन गऱ्यौं भने शरीरमा सारा परमाणु, शरीरका सारा गठन, सारा रचना पनि स्वस्थ हुनेछन् । यदि अस्वस्थ भोजन गऱ्यौं भने शरीरको रचना पनि अस्वस्थ हुनेछ । जुन आहार दिइन्छ, त्यो शरीरमा परमाणुहरूको उत्पत्तिको एउटा स्थूल कारण हो ।

शरीरमा परमाणुहरूको निर्माणको एउटा अर्को कारण पनि छ । यस भौतिक आहारको बाबजूद हामीले हाम्रो शरीरको रेशा-रेशाबाट निरन्तर आहार ग्रहण गरिरहेका छौं जुन हामीलाई बाह्य वातावरणबाट प्राप्त हुने हुन्छ । जस्तो बाहिरको वातावरण हुन्छ त्यस्तै आहार प्राप्त हुनेछ र तदनुरूप नै शरीरका परमाणुहरूको निर्माण हुनेछ । हाम्रो यस शरीर-धारालाई यी दुई प्रकारका आहार प्राप्त भैरहेकै हुन्छन् । यस शरीर-धारा अर्थात् रूपधारासँग एउटा अर्को चित्त-धारा अर्थात् 'नाम'-धारा पनि प्रवाहित हुने हुन्छ । यो चेतनाको धारा पनि विना आहार नचल्ने हुन्छ यसलाई चेतनाकै आहार प्राप्त हुने हुन्छ । चेतनाको यो आहार के हो ? जुन क्षण हामीले जस्तो संस्कार बनाउँछौ चेतना धाराको लागि त्यस क्षणको त्यही आहार हुन्छ, भोजन हुन्छ । अनुभूतिहरूको स्तरबाट हामी यी सारा खेल तमासाहरू देख्ने छौं । क्रोध आयो कि अगाडि गएर चित्त त्यही क्रोधबाट प्रभावित हुन्छ । अगाडि गएर फेरि क्रोधको संस्कार जागृत भयो भने यसै क्रोधको आहाराको भरमा चित्तधारा चलिरहन्छ । वासना जागृत भयो त लामो समयसम्म चित्तधारा वासनाको आधारमै अगाडि



Downloaded from http://www.dhamma.digital

बढिरहन्छ । प्रतिक्षण यस्तै भैरहन्छ । यसलाई प्रतिक्षण अगाडि बढ्नको लागि आहार चाहिन्छ । यदि नयाँ आहार प्राप्त भएन वा नयाँ संस्कार बन्न पाएन भने पूराना संस्कारहरू जुन भरिभराउ भएर रहेका छन निस्कन थाल्ने हुन्छन् ।

पुरानो जुन बीज हामीले रोपेका छौं त्यसमध्ये कुनै न कुनैको फल प्राप्त हुन्छ । चित्त-धारामा फल आउने हुन्छ र फेरि चित्त-धारा अगाडि बढ्ने हुन्छ र जब फल प्रष्ट भएर अगाडि आउँछ त त्यसमा एक प्रकारको सम्वेदना पैदा हुन्छ । यदि हामीले त्यसलाई प्रिय मान्यौं भने फेरि रागको नयाँ संस्कार बनाउने हुन्छौं यदि हामीले त्यसलाई अप्रिय मानौं भने द्वेषको नयाँ संस्कार बनाउने हुन्छौं । जुनबेला पुरानो बीजको फल सामुन्ने आउँछ त्यसै बेला फेरि नयाँ बीज रोप्न थाल्छौं । यसप्रकार नयाँ संस्कार बनाउँदै जान्छौं– "**सङ्खार पच्चाया विञ्ञाण ।**" यस क्षणको संस्कारले नै अगाडिको क्षणको विज्ञान अर्थात् चित्त उत्पन्न हुने हुन्छ । यस क्षण संस्कार बनेन वा बन्न पाएन भने कुनै पूर्व संस्कारबाट नयाँ विज्ञान अर्थात् चित्त उत्पन्न हुन्छ । जसरी-जसरी हामी साधनामा अगाडि बढ्नेछौं यी कुराहरू अरू स्पष्ट हुँदै जानेछन् । जुन प्रकारको नयाँ संस्कार बनाउनेछौं वा पुरानो संस्कारको फल प्राप्त हुनेछ त्यस्तै प्रकारको परमाणु उत्पन्न हुन शुरू हुनेछ र त्यस्तै सम्वेदना हुनेछ ।

मन र शरीरको बडो गहिरो सम्बन्ध छ । यो जुन कलाप छ, त्यो शरीर र चित्त दुबैबाट उत्पन्न हुन्छ । यदि चित्तमा क्रोध जाग्यो भने शरीरमा अग्नि प्रधान परमाणु बनिरहेछ, गर्मी भैरहेछ । भय आयो भने सारा शरीर कम्पित भैरहने हुन्छ र वायु प्रधान परमाणु उत्पन्न हुने हुन्छ । चित्तधारामा जस्तो संस्कार राखिन्छ, त्यस्तै परमाणु उत्पन्न हुन्छ । यदि क्रोध युक्त कुनै संस्कार जागृत भयो भने तदनुरुप नै जलन वाला, परमाणु नै उत्पन्न हुन्छ वातावरण ठिहिऱ्याउने जाडो वा चीसो किन नहोस् र पनि शरीरमा गर्मी र जलन महसुस हुन्छ ।

शरीरमा जो परमाणु उत्पन्न भैरहेको छ त्यो चाहे भोजनको कारणले होस्, बाह्य वातावरणको कारणलेहोस् वा पुरानो संस्कारको कारणले होस् यदि त्यसलाई द्रष्टाभावले, ततस्थभावले हेर्न थाल्यौं भने नयाँ संस्कार बनाउनेछैनौं । पुराना संस्कारहरू हट्दै जान थाल्नेछन् । बस, गाँठो फुकाल्ने बाटो प्राप्तभयो । अहिलेसम्म अविद्याको कारण जुन संस्कार बन्दथ्यो- त्यसको सारा रहस्य सम्झन थालिनेछ "**अविज्जा पच्चया सङ्खारा**" जस्तो कुनै परमाणु जागृतभयो, कुनै सम्वेदनाको रूपमा उसले आफ्नो प्रतिक्रिया प्रकट गऱ्यो, दुःखद् सम्वेदना हो भने प्रतिक्रिया भयो चाहिएन, चाहिएन- द्वेष, द्वेषमात्र । सुखद सम्वेदना भयो भने चाहियो-चाहियो रागै रागमात्र । यस प्रकार प्रतिक्षण संस्कार बनिरहेकै हुन्छ । कुरा बुझ्नुभयो भने प्रतिक्रिया गर्दैन । धैर्यपूर्वक, समताभावले, द्रष्टाभावले सम्वेदनाको स्वभावलाई हेर्छौं । त नयाँ संस्कार बन्नै सक्तैन र पुराना संस्कारहरूको क्षय हुन थाल्नेछ । "**खीणं पुराणं नवं नत्थि संभवं ॥** बस कामको कुरा भयो । बन्धन खोल्ने उपाय प्राप्तभयो तर बन्धन खोल्ने यो कार्य स्वयंले नै गर्नुपर्नेछ । यदि स्वयंले अनुभूतिको आधारमा कतिखेर राग जाग्यो, कतिखेर द्वेष जाग्यो थाहा पाउनै सकेन भने राग र द्वेषबाट छुटकारा पाउँछ नै कसरी ? जब-जब सम्वेदना अनुभव हुन्छ कि यो राग हो, यो द्वेष हो र त्यसमा द्रष्टाभाव राख्यौं भने त्यसप्रति राग पनि उत्पन्न हुँदैन, द्वेष पनि उत्पन्न हुँदैन । यसैको ठाउँमा बरु प्रज्ञा नै जाग्नेछ । "**वेदना पच्चया पञ्ञा**" यसरी प्रज्ञामा पुष्ट हुँदा-हुँदा स्थितप्रज्ञ भइहाल्नेछ । जीवनमुक्त भैहाल्नेछ । केवल स्थितप्रज्ञाको पाठ गरेरमात्र मुक्त हुँदैन । स्वयंले परिश्रम गर्नुपर्नेछ । बाटोमा समस्याहरू अवश्य आउनेछन्, तर तिनलाई हामीले नै हटाउनुपर्दछ । कुनै चमत्कार हुनेवाला होइन ।

*क्रमशः*

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६८ अषाढ २४ | पूण्यवती गुरुमां | पूण्यवती गुरुमां |
| २०७८ अषाढ ३१ | चमेली गुरुमां | भिक्षु कोण्डञ्य |
| २०६८ श्रावण १ | चमेली गुरुमां | बद्री गुरुजु |
| २०६८ श्रावण ७ | त्यागवती गुरुमां | त्यागवती गुरुमां |
| २०६८ श्रावण १४ | केशावती गुरुमां | केशावती गुरुमां |

**मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना**

*२०६८ बोधिसत्त्व महाविहार, जमल*

यसदिन केशावती गुरुमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो । बुद्धपूजा कार्यक्रम पछि उहाँले धर्मदेशना गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास–७

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

कुनै पनि अवसरमा बुद्धले कुनै एक व्यक्तिको प्रति पनि अमैत्रीभाव प्रकट गर्नु भएको थिएन । आफ्ना विरोधी एवं घोर शत्रुहरूको विरूद्ध पनि बुद्धले अमैत्रीभाव दर्शाउनु भएको थिएन । कोही कोही पक्षपाति विचारहरू पनि थिए जो कि बुद्धका विराधी बने उहाँलाई मार्ने कोशिश गरे; तैपनि बुद्धले उनीहरूलाई कहिल्यै पनि शत्रुको रुपमा व्यवहार गर्नु भएन । बुद्धले एकपल्ट भन्नुभएको थियो, “जसरी रणक्षेत्रमा हात्तिले आफूमाथि हानेका वाणहरू सहन्छन् त्यस्तै नै म अरूको अमैत्री भाव र निन्दालाई सहन्छु ।”

इतिहासको पानामा बुद्धले जस्तै आफूलाई प्राणीमात्रको कल्याणका लागि अर्पित गर्ने कोही पनि मान्छे अरू किटिएको छैन । बोधिज्ञान लाभ गरेको समयदेखि लिएर उहाँको जीवनको अन्तिम क्षणसम्म मानवतालाई उठाउन उहाँले लगातार उद्योग गर्नुभयो । उहाँ दिनको २ घण्टा मात्रै सुत्नु भयो । हुनत उक्त महान गुरू बित्नुभएको २५ सयवर्ष बितिसक्यो, तर पनि उहाँको मैत्री र करूणाको सन्देश अझै पनि पुरानै शुद्धताकासाथ हाम्रो अगाडि छ । यो सन्देशले अझै पनि मानव भविष्यलाई दृढतासाथ प्रभावित पार्दैछ । उहाँ महाकरूणामयी हुनुहुन्थ्यो जसले विश्वलाई मैत्रीद्वारा उज्यालो पार्नु भयो ।

आफ्नो परिनिर्वाणपछि बुद्धले एक अमर सन्देश छाडेर जानु भयो जुन कि आजपनि विश्वमा हाम्रो बिच जिउँदै छ । आज हामीले विश्वशान्तिको लागि आएको भयानक चुनौतिको सामना गर्नु परेको छ । विश्वको इतिहासको कुनै पनि समयकालमा उहाँको सन्देशको त्यति आवश्यक भएन जति आज हुन आएको छ ।

अज्ञानताको अन्धकार हटाउन र विश्वलाई कसरी दु:ख, रोग, व्याधि मरणबाट मुक्त हुने भन्ने देखाउन र प्राणी मात्रको चिन्ता र सन्तापबाट मुक्त हुने भन्ने देखाउन र प्राणी मात्रको चिन्ता र सन्तापबाट अलग्गपार्नको लागि बुद्ध जन्मनु भयो ।

कसै कसैको मत अनुसार ईश्वर दुष्टहरूको नाशगर्न सज्जनहरूको भलो गर्न समय समयमा यस संसारमा आउनु हुन्छ । बुद्ध यस संसारमा दुष्टहरूलाई नाशगर्न आउनु भएको थिएन बरू उनीहरूलाई ठिक मार्ग देखाउनलाई आउनु भएको थियो ।

बुद्धको समयकाल अगाडि सम्मन्को विश्वको इतिहासमा के हामीले कोही यस्ता धार्मिक गुरुको बारे सुने का छौं जो बुद्ध जस्तै दु:खित मानवप्रति मैत्री र सबै प्राणीप्रति करूणाले भरेको होस् ? बुद्धको केही शताब्दीपछि हामी ग्रीसका केही बुद्धिमान्हरूको बारे सुन्छौं– सुकरात, प्लाटो र अरस्तू (अरिस्टोटल) । तर यिनीहरू सिर्फ शुष्क विचार कहरू थिए र सत्यका भूखा थिए; दु:खित समाजकोलागि प्रेरणादायी स्नेह (मैत्री) को उनीहरूमा अभाव थियो ।

कसरी मोक्ष पाउने भन्ने सिकाउनु नै मानव जातिलाई बचाउने बौद्ध तरिका हो । कसै कसैलाई मात्रै शारीरिक वा मानसिक पीडाबाट छुटकारा दिलाउनुमा उहाँको विशेष ध्यान थिएन । उहाँ सबै मानिसले अनुसरण गर्न सकिने मार्ग प्रकाशित गर्नुमा लागेको थियो ।

## उहाँको गृहत्याग

राजकुमार सिद्धार्थले गृहत्याग गरेको एक मान्छेले चालेको अहिले सम्मको सबभन्दा साहसपूर्ण कदम हो ।

सिद्धार्थले गृह र राज्यको त्याग गरेकोलाई लिएर आलोचकहरूले उहाँलाई आलोचना गरेका छन् । कसैले यसलाई “पत्नी र परिवारको निर्दयी साथ परित्याग” भनेर वर्णन गर्छन् । तर यदि यहाँ त्यसरी चुपचाप ननिस्कनु भएको भए र यदि उहाँले औपचारिक बिदाई माग्न प्रियजनहरूसंग कुरा गर्नु भएको भए के हुने थियो होला ? पक्कै पनि उनीहरूले उहाँलाई विचार बदल्न अनुरोध गर्थ्यो होला । मूर्च्छाले ग्रस्त दृश्य देखा पर्थ्यो होला र राजा शुद्धोदनको सानो राज्यमा सम्भवत: उपवत: उपद्रव मच्चन बेर नलाग्ने थियो होला । अनि सम्भवत: सिद्धार्थले आफ्नो पिता र पत्नीलाई गृहत्यागको कुरो भन्ने साहस गर्न नसक्ने थियो होला नत्र उनीहरूले उहाँलाई भडकाउने थियो होला । सिद्धार्थ जीवनको चढ्दो उमेरमा पुगेको एक जोशिलो नौजवान थियो । यस्तो अवस्थामा सत्यको खोजिको लागि सबै त्याग नगर्नलाई उस्काउनु भयंकर खतरनाक हुनेथियो । राजमहलमा उहाँको अन्तिम घडिको बेला जब उहाँले आफ्नो अर्धनिद्रामा मस्त पत्नी र उनीहरूको नवजात शिशुलाई हेर्नु भयो त्यसबेला त्यहीं रहि रहने (त्याग नगर्ने) विचारलाई अवरोध आएकोले



Downloaded from http://www.dhamma.digital

उहाँलाई धेरै कष्ट भयो होला । पक्कै पनि त्यो जमानाको जम्बुद्वीपमा कसैले संन्यासी र ऋषि बन्न आफ्नो घर र प्रियजनलाई त्याग्नुलाई असल काम मानिन्थ्यो । यी जम्मै विचार गरेर हेर्दा यो देखिन्छ कि सिद्धार्थले आफ्नो योजनालाई छिटै साहसपूर्वक लागू गरेर राम्रै गऱ्यो ।

त्यस्तो कलिलो उमेरमा गर्नु भएको सिद्धार्थको गृहत्याग मान्छेले अहिलेसम्म चालेको सबभन्दा साहसपूर्ण कदम हो । त्याग मोक्ष र मुक्ति प्राप्तिको लागि नभई नहुने आवश्यक तत्वहरू मध्ये एक हो । अनुरागबाट मुक्त भई (त्यागी भई) नै मोक्ष प्राप्त गरिन्छ । जीवनका धेरै जसो संकटहरू अनुरागले गर्दा उत्पन्न हुन्छन् । हामी रिसाउँछौं; हामी चिन्तित हुन्छौं; हामी लोभी हुन्छौं र तीखोसंग चुक्लि गर्छौं । यी दुःख, तनाव, चिन्ता र पीरहरू सबै अनुरागले गर्दा नै उत्पन्न हुन्छन् । यदि तिमीलाई कुनै दुःख वा चिन्ता छ भने राम्रोसंग ध्यान दिएर हेर ; तिमीले अनुरागलाई नै यसको कारण पाउने छौं । यदि राजकुमार सिद्धार्थले आफ्नो पत्नी, छोरो, राज्य र सांसारिक सुखप्रति अनुराग उत्पन्न गरेको भए उहाँले कहिल्यैपनि दुःखी मानवजातिको लागि उपाय पत्ता लगाउनु हुन सक्ने थिएन । त्यसैले उहाँले मनलाई बाधारहित पारी राम्रैसंग खुलस्त रूपले ध्यान केन्द्रित गर्न सांसारिक सुखसमेत सबै कुरालाई त्याग गर्नु पऱ्यो; यसरी मात्रै उहाँले मानवताको लागि केहि पाउन सफल हुनुभयो ।

उक्त जवान राजकुमारको दृष्टिमा संसार नै वासना क्रोध, लोभ र रागलाई सल्काउने अन्य धेरै कुविचारहरूद्वारा बलिरहेको थियो । उहाँले आफ्ना पत्नी र पुत्र समेत संसार का प्रत्येक व्यक्ति सबै किसिमका शारीरिक र मानसिक दुःखहरूबाट पीडित देख्नु भयो । त्यसैले उहाँले सबै कुरालाई छाड्ने निश्चित गर्नु भयो; उहाँ दुःखित मानव समाजको दुःखलाई निर्मूलपार्ने उपाय खोज्नलाई तम्सनु भयो ।

एक ख्याति प्राप्त कविले बुद्धको गृहत्यागलाई यसरी देख्नु भयो–

प्यारो सन्तानको घृणाले होइन
प्रिय पत्नीको घृणाले होइन
मनका उत्तेजनाहरू-कम मन पराएको थिएन उहाँले तर बुद्धत्व बढि मन परायो, र त्याग गऱ्यो । उहाँले । (ड्वाइट गोड्डार्द)

## बुद्ध धर्म

बुद्ध धर्म सत्य हो, अरू केही होइन

के हो बुद्ध धर्म ? यो प्रश्नले धेरैलाई तोल्याएको छ जसले कि बुद्ध धर्मलाई दर्शन हो कि वा धर्म हो कि वा जीवनको एक कला हो कि भनी प्रश्न गर्छन् । यसको सजिलो उत्तर यहि हो कि बुद्ध धर्म यति विशाल र गहण छ कि यसलाई कुनै एक विभाजनमा राम्रोसंग राख्नै सकिदैन । पक्कै हो कि बुद्ध धर्ममा दर्शन, धर्म र जीवनको कला निहित छ । तर बुद्ध धर्म यी विभाजनहरू भन्दा विशाल छ ।

बुद्ध धर्मलाई दिइएका यी विभाजन वा लेवलहरू साइनबोर्डहरू जस्तै हुन् जुन कि धर्महरूले आफ्नो स्वरूप जाहेर गर्न मान्छेहरूलाई देखाउँछन् । यदि हामीले बुद्ध धर्मलाई औषधी पसलसंग तुलना गरें भने तब औषधी पसलमा टांगिएको साइनबोर्डले रोग निको पार्दैन । यदि औषधी नै प्रभावशाली छ भने अनि यसलाई प्रयोग गर र खालि औषधिलाई मात्रै जाहेर गर्ने सायनबोर्डलाई वास्तै नगर । त्यस्तै नै यदि बुद्धको शिक्षा कल्याणकारी भए यसलाई उपयोग गर र लेबल वा साइनबोर्डसंग वास्तै नराख । बुद्ध धर्मलाई कुनै एक विभाजन सिमामा मात्रै घुमाउने प्रयत्न नगर ।

विभिन्न समयकाल र विभिन्न स्थानका मानिसहरूले बुद्धधर्मलाई विभिन्न 'साइनबोर्डहरू' र विभिन्न व्याख्या दिएका छन् कसै कसैको लागि बुद्ध धर्म खालि अन्धविश्वासी कामहरूको एक समुह मात्रै हुन सक्छ । कसैको लागि बुद्ध धर्म मानसिक लाभको एक विश्वासिलो लेबल मात्रै हुन सक्छ । अरूको लागि बुद्ध धर्म एक विचार पद्धतिको रूपमा महत्वपूर्ण हुनसक्छ । एक धामिक बौद्धभक्तलाई बुद्धधर्म उसको सारा जीवन हुनसक्छ, उसको अगाडि पछाडिका सबै कुराको पूर्ति हुनसक्छ ।

कोही कोही विद्धानहरू बुद्ध धर्मलाई भारतीय वातावरणको फल वा अरू कुनै भारतीय शिक्षाको परिणामको रूपमा देख्न सक्छन् । तर बुद्ध धर्म यो होइन । हो, त्यो बेला जम्बुद्धीपमा चलेको उच्चस्तरिय बौद्धिक खोजबिन र नैतिक प्रयत्न यी दुवै नै विस्मृतिको अन्धकारबाट धर्मको ज्योति पुनः प्रकट हुनुका मुख्य कारणहरू थिए । हजारौं हजार बर्षसम्मको धार्मिक र दार्शनिक विकासले भारतको बौद्धिक माटोमा विचार र आदर्शहरूको एक पोषिलो र उब्जाउ तह थुपारेको थियो जुनकि (बुद्ध) धर्मको बिउ उम्रनको लागि सकेजति सबभन्दा असल गर्भ बन्यो ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २४२

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**ये रागरत्ता नुपतन्ति सोतं, सयं कतं मक्कटको'व जालं**
**एतम्पि छेत्वान वजन्ति धीरा, अनपेक्खिनो सब्ब दुक्खं पहाय**

**अर्थ**– रागमा टाँसेर बसेका व्यक्ति आफ्नै जालमा फसेको माकुरा झैं तृष्णारूपी स्रोतमा फस्छ। धीरजनहरूले यसलाई तोडी, इच्छा रहित भई सबै दु:ख छोडी प्रव्रजित हुन्छ।

**घटना**– उपरोक्त गाथा भगवान बुद्धले वेणुवन विहारमा बस्नु हुँदा बिम्बिसार महाराजाकी पत्नी खेमा महारानीको कारणमा भन्नुभएको थियो।

बिम्बिसार महाराजाकी अग्र महारानी खेमा अत्यन्त राम्री थिइन् तथा रूपको अभिमानी थिइन्। भगवान बुद्धले रूप, लावण्यलाई तुच्छ पारी कुरा गर्नुहुन्छ भन्दै उनी कहिल्यै बुद्धको दर्शन गर्न जाँदैनथिइन्। बिम्बिसार महारजालाई भने महारानीलाई भगवान बुद्धकहाँ लिएर जाने ठूलो अभिलाषा थियो। महाराजाले महारानीको मनसाय बुझेर एउटा चाल चाले। महारानीका परिचारिकाहरूलाई वेणुवनको सुन्दर, शान्त वातावरणको बारेमा गीत गाउन लगाए। परिचारिकाहरूको मनमोहक गीत सुनेर महारानीलाई वेणुवनमा जाउँ जाउँ लागेछ।

जब महारानी वेणुवनमा आइन् भगवान बुद्धले ऋद्धि वलद्वारा एउटी अति राम्री केटी निर्माण गरी आफ्नो छेऊमा पंखा हम्काउन दिएको बनाउनुभयो। ऋद्धिद्वारा बनिएको त्यो कृत्रिम प्राणीलाई खेमा महारानीले मात्र देख्न सक्थ्यो। उक्त स्त्रीको रूप देखि महारानी अचम्ममा परिन् उनको सौन्दर्यलाई आफ्नो रूपसंग तुलना गरी सोचिन्। उनको सौन्दर्य अगाडि म त केही न केही रहेछु।

खेमा महारानीको मनस्थिति बुझी भगवान बुद्धले त्यसपछि त्यो कृत्रिम स्त्रीको रूप विस्तारै घटाउनुभयो। खेमाले देख्दादेख्दै स्त्री बुढी भएर भुइँमा लडिन्, मरिन् र पछि लासमा किरा, फटयाग्रा समेत पर्न लाग्यो। खेमा महारानीले रूपको अनित्य स्वभाव अनुभव गर्न लागिन्।

तब भगवान बुद्धले भन्नुभयो– "हे खेमा, अस्थिपञ्जरमा बनिएको रूपको अनित्य स्वभावलाई हेर। तिमीले सोच्छौ रूपमा सार छ। तर यहाँ रूप असार भएको हेर। यस स्त्रीको मूल्यहीन रूपलाई हेर।"

भगवान बुद्धकहाँ यो धर्म देशना सुनेपछि खेमा महारानी श्रोतापत्ति फलमा प्रतिस्थित भइन्। भगवान बुद्धले पुन: भन्नुभयो– "हे खेमा ! यी सत्त्व प्राणीहरू रागले डाह भएर, द्वेषले दूषित भएर, मोहले मूर्च्छित भई आफ्नो तृष्णाको स्रोतलाई अतिक्रमण गर्न नसकेर बस्छन्। त्यसैमा टाँसेर बस्छन्।" यस्तो आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो।

धर्मदेशनाको अन्तमा खेमा महारानी अरहत भइन् र त्यसपछि उनी बुद्ध शासनमा प्रव्रजित भइन्। ❖



# गुरुमांप्रति मेरो भावना

✍ भावनावती गुरुमां

जब आएँ यदाकदा सत्यमार्ग खोज्दै म।
धर्मको ओखती मनमा लगाई हृदय यो शीतल ॥

पार्नु शुद्ध मन लगाई हिंड्नु हितको पथमा।
अनी मार्ग देखाउनु हुने गुरुमां हजुरलाई वन्दना ॥

कमल जसरी हिलोमा फुले पनि छ शोभायमान।
कमल झैं हजुर मेरो गुरु हुनुहुन्छ श्रद्धा सम्मान ॥

फक्रिएको कोपिला हजुरले मलाई ठूलो गुण गर्नुभयो।
अनभिज्ञ मेरो हृदयमा ज्ञानको दियो बालिदिनु भो ॥

गुणका खानी ममतामयी हजुर हुनुहुन्छ मुमा समान।
विन्ती दुई हात हजुरको म गर्दछु प्रिती पान ॥

भव्यहोस् ती स्वर्णजयन्ती हाँसीखुसी रमाइलोका साथ।
पुगोस् कामना हजुरको सदा आश यो निर्वाण साथ ॥



Downloaded from http://www.dhamma.digital

# शुभ-कामना !



पद्मकीर्ति विहारया
संस्थापिका
**कमला गुरुमां**
या
बुद्ध शासनिक योगदानयात
कदर यासें वसपोलया
**प्रव्रज्या ५० दँ स्वर्ण महोत्सवया**
थुगु पुण्य अवसरय्
वसपोलया
**सुस्वास्थ्य**
व
**दीर्घायु कामना**
**याना ।**

## धर्मकीर्ति विहार संरक्षण कोष

- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
- धर्मकीर्ति बौद्ध मासिक पत्रिका
- धर्मकीर्ति स्वास्थ्य कमिटि
- धर्मकीर्ति शिक्षा सदन
- धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन
- धर्मकीर्ति प्रव्रज्या कमिटि
- धर्मकीर्ति बौद्ध पुस्तकालय
- धर्मकीर्ति अडियो भिजुअल कमिटि
- धर्मकीर्ति प्रकाशन समिति
- धर्मकीर्ति बुद्धपूजा पुचः



Downloaded from http://www.dhamma.digital

# आदर्श नारी रूकमावती

✍ अ. शान्तिवती, वुटवल

बुद्धकालमा धेरै गुणवती परोपकारी आदर्श नारीहरू पनि थिए। भगवान बुद्धको सद्‌उपदेश सुनेर आदर्श, त्याग, अहिंसा, शील समाधि, प्रज्ञाको वातावरण सिर्जना भइरहेको थियो। सम्यक मार्गबाट अर्हन्त पद पाउने वा निर्वाण प्राप्त गर्ने सबैको कल्पना र कामना रहेको हुन्छ। यस्तो बेलामा सो त्याग भावना प्रत्येक व्यक्तिमा रहनु स्वाभाविकै कुरा हो। यस्तो बेलामा महिलाहरू आदर्श त्याग भावना राख्न पुरुषहरूभन्दा कम थिएनन्। कैयौं महिलाहरूले बुद्ध वचनबाट प्रभाविभ भएर आफ्नो अनुपम सेवा र त्याग भावना देखाएका थिए। ती मध्ये एकजना करूणाकी प्रतिमूर्ति गुणवती आदर्शनारी रूपवतीको नाम सदा सम्मानका साथ समर्पण गर्न सकिन्छ।

उत्पल्लावती नगरमा एकजना धनि परिवारमा रूक्मावती भन्ने जन्मेकी थिइन्। यिनी अत्यन्त रूपवती गुणवती नारी थिइन्। दया, माया, मैत्री, करूणा तिनीमा प्रसस्त रहेकोले तिनीलाई सबैले श्रद्धाको दृष्टिले हेदर्थे। दिन दुःखीहरूको सेवा गर्नु, आपद विपद परेका व्यक्तिहरूलाई आफ्नो सम्पूर्ण तन, मन, धन दिएर पनि सहायता पुऱ्याउनु नै ठूलो कर्तव्य र धर्म हो भन्ने तिनले सम्झेकी थिइन्। रूक्मावती कसैलाई केही दुःख परेको भोक, रोगले गरीवहरू छटपटाई रहेको छ कि भनि त्यस्ता दिन दुःखीहरूको सेवा गर्न घुमिरन्थिन्। संयोगवस एक समयमा त्यस उत्पल्लावती नगरमा पानी नपरी हाहाकार अनिकाल भएर दुर्भिक्ष भएर मानिहरू खान पिउन नपाएर घाँस, तरूल, भ्याकुरहरूसम्म खाएर पनि बाँचीरहे। बुढाबुढी, बालबच्चाहरू भोक प्यासले आकुल व्याकुल भएर एकमुठी श्वास पनि धान्न पनि गाऱ्हो भएको थियो। विस्तारै विस्तारै मानिसहरू मर्न लागे। मानिसहरू खान नपाएर भुईंमा लडीबुडी भई भोक र रोगले छटपटाई रहेका थिए। पेटको अग्नी ज्वाला समाप्त गर्न जे पनि खान मानिसहरूले बाँकी छोडेनन्। अन्तमा केही नलागेर मानिसहरूले आपसी सहानुभूती भन्ने कुरा पनि विर्सिसके। कसले कसलाई दया, करूणा राख्ने सबैको आफ्नो मात्र ज्यान बचाउन मात्र मतलब त्यस्तो समयमा महामारी, हाहाकार, अनिकाल परेको बेलामा एकजना स्त्रीले प्रसव वेदना भइरहेको समयमा केही खान नपाई आफूपनि काल कवलिएत हुने निश्चित देखेर कहींबाट पनि एक दाना अन्न, घाँस, पात पनि पाउने आशा नदेखिएकोले आफ्नो पेटको अग्नी ज्वाला शान्त पार्न आफैंले भर्खर पाएको काखको बच्चालाई घाँटी च्यापी मारेर त्यस बालकको मासु खान तत्पर रहेकी थिइन्। संयोगले त्यस वेलामा रूकमावती आफ्नो सेवा तहलको कार्य भ्याएर त्यहाँ आइपुगिन्। त्यस क्षुधा पिडाले अन्धी भएकी स्त्रीलाई आफ्नै बच्चालाई मार्न लागेको अवस्थामा तिनको दृष्टिपऱ्यो। रूकमावती आत्तिदैं गएर त्यस स्त्रीको हात समाई बच्चाको ज्यान बचाइन् अनि तिनी मर्माहत भएर त्यस स्त्रीलाई वहिनी तिमी किन यस्तो वाल हत्यागरी अनर्थ काम गरी रहेकी शान्त होऊ धैर्य गर भनि सम्झाइन्। त्यस भोकाएकी स्त्रीले रोदन स्वरमा भनिन्। धैर्य र शान्त भएकै छुनि तर के गर्नु खोई केही खाने कुराहरू भेटेनन् अब के खाउँ त भोकले आँखाले पनि देख्न छाडें, सोच्ने शक्ति पनि खत्तमभई सकेको छ यति भनि त्यस सुत्केरी महिला क्वाँ क्वाँ रून थालिन्। वहिनी नआत्तिऊ निरास नहोउ म घर गएर तिमीलाई खानेकुरा लिएर आउँछु भनि सम्झाइन् फेरि घर गएसम्म सहन नसक्ने उसले बच्चालाई खानेछ, यदि त्यो बच्चा खोसेर लगुँ भने त्यो स्त्रीले प्राण त्याग गर्नेछ। त्यस्तो भयो भने स्त्री हत्याको पाप लाग्नेछ। अब मैले के गर्ने यसरी मैत्री, करूणा राखी उनले एउटा संकल्प गरिन् बच्चाको र आमाको प्राण बचाउन रूकमावतीले नजिकै रहेको एउटा हतियार लिएर आफ्नो शरीरको अभिन्न अङ्ग एउटा स्तन काटेर त्यस भोकाएकी स्त्रीलाई टक्ऱ्याएकी थिइन्। भोकले अन्धी भएकी स्त्रीले मंस पिण्ड खान थालिन्। त्यसै मौकामा त्याग भावनाकी प्रतिमूर्ति रूकमावती त्यो बच्चालाई लिएर घरतिर लागिन्। बजार सडकमा तिनकी छातीबाट रगतका धारा बगेको नगरमा हल्ला फैलियो। सबैजना घरबाट निस्केर आई आ-आफ्नो दुःख बिर्सेर महान त्यागी रूकमावतीको सेवा टहल गर्न थाले। त्यस बच्चालई दुध पिलाई र आमालाई समेत खाना ख्वाई प्राण बचाए। यस्तो दिन सायद हामीलाई आइ पर्नेछ। करूणाकी खानी रूकमावतीको आत्मा त्याग बलिदान सदैव स्मरण हुनेछन्। रूकमावती साँच्चै नै आदर्श नारी थिइन्।

अस्तु !!



Downloaded from http://www.dhamma.digital

# शुभ-कामना !



नेपालया बुद्ध शासनय् प्रव्रजित जुया:

बुद्ध शिक्षा प्रचार प्रसारय् थ:त: पाना बिज्या:म्ह

**श्रद्धेय कमला गुरुमांया**

**प्रव्रजित जीवन ५० दँ दुगु स्वर्ण उत्सवस**

वसपोलप्रति श्रद्धां नतमस्तक जुया ।

सदां वसपोलया शासनिक योगदान न्ह्याना च्वनेमा धयागु मनं तुना:

वसपोलया सुस्वास्थ्य व दीर्घायु कामना याना ।

**एक्सप्रेस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**

पो.ब.नं. १२४५० दरवार मार्ग, काठमाडौं, नेपाल

फोन नं. ४२२६३५३, ४२३२५५५, फ्याक्स नं. ४२२६३५३




Downloaded from http://www.dhamma.digital



*२०४६ सालमा पद्मकीर्ति विहारको शिलान्यास गरिदै*

# कमला गुरुमां र पद्मकीर्ति विहार

✍ **प्राज्ञ रीना तुलाधर**
***(परियत्ति सद्धम्म कोविद)***

बुद्ध शासनको रथ गुडाउने चार पांग्रा भिक्षु, भिक्षुणी, उपासक, उपासिका भनिएको छ। यद्यपि 'भिक्षुणी' शब्द विवादमा छ। 'भिक्षुणी' एउटा पदको विवादलाई छोडेर हामी ती प्रव्रजित महिला वर्गको कुरा गरौं जसले 'भिक्षुणी' पद बिना पनि पूर्ण रूपमा भिक्षुणीको जीवन जिउनु भएको छ। बुद्ध शासनमा अतुलनिय योगदान दिनुभएको छ। अन्य देशहरूको कुरा व्यापक होला। अहिलेलाई नेपालकै मात्र कुरा गरौं। नेपालमा थेरवादी बुद्ध शासनलाई अगाडि बढाउनमा भिक्षुहरू सरह बराबर दाँजोमा योगदान पुऱ्याउनु हुने प्रव्रजित महिला वर्ग अर्थात् प्रचलित शब्द अनागारिकाहरू वा हामीले आदरपूर्वक सम्बोधन गर्ने शब्द गुरुमांहरूको कुरा छ यहाँ। विगतमा योगदान पुऱ्याउनु हुने दिवंगत भइसकेका धर्मचारी गुरुमां, सुशिला गुरुमां, रत्नमञ्जरी गुरुमां इत्यादि होस् वा वर्तमानका मां गुण गुरुमां (बर्मी), धम्मवती गुरुमां, माधवी गुरुमां, ञाणशीला गुरुमां, चिनी गुरुमां, चमेली गुरुमां इत्यादि क्रमैसँग आउँछन् जसको नाम नेपालको बुद्ध शासनको इतिहासमा उल्लेख हुनैपर्छ। जसलाई सम्मान गर्नु हाम्रो कर्तव्य हुन आउँछ। यही क्रममा अब बेला आएको छ बुद्ध शासनमा प्रव्रजित भएर ५० वर्ष प्रव्रजित जीवन जिई शासनमा योगदान पुऱ्याउने अर्का गुरुमां कमला गुरुमांलाई सम्मान गर्ने।

काठमाडौंमा अवस्थित पद्मकीर्ति विहारका संस्थापक उहाँ कमला गुरुमांको जीवनीतर्फ नियालौं। देशको राजधानी शहर काठमाडौंको कमल पोखरी टोलमा वि.सं. २००४ साल मंसीर महिनामा आमा पद्मकुमारी तथा



Downloaded from http://www.dhamma.digital

बुबा पद्मबहादुर राजकर्णिकारको जेठी सुपुत्री भएर जन्मनु भएकी कमला गुरुमांले वि.सं. २०१९ सालमा १५ वर्षको कलिलो उमेरमै बौद्ध देश बर्मामा जानुभई प्रव्रजित हुनुभएको हो । बर्माको मोलमिन शहरको खेमाराम विहारमा गुरुमां दो पञ्ञाचारीको उपाध्यायत्वमा (मा पञ्ञा) नामबाट दुलर्भ अनागारिका प्रव्रज्या ग्रहण गर्नुभयो । स्कूलको प्रारम्भिक शिक्षा त नेपालमै प्राप्त गर्नुभएकी उहाँले अभिधर्म जस्तो गहन शिक्षाको प्रारम्भिक परिक्षा बर्मामै उतीर्णगरी आफै लाई योग्य बनाउनुभयो। बर्मामा आधारभूत तथा प्रारम्भिक बौद्ध शिक्षा लिएपछि स्वदेश फर्की पुन: औपचारिक शिक्षातर्फ स्नातक तहको डिग्रीसम्म हासिल गर्नुभयो । नेपाल बौद्ध शिक्षातर्फ 'परियत्ति सद्धम्म पालक प्रवेश द्वितीय वर्ष' सम्म उत्तीर्ण हुनुभयो ।

बुद्ध धर्म प्रचार गर्ने क्रम संगै उहाँले शिक्षण पेशा पनि अपनाउनुभयो जहाँ उहाँले औपचारिक शिक्षाको साथै बुद्ध शिक्षा पनि विद्यार्थीलाई दिने मौका पाउनुभयो । काठमाडौंको प्रभात हाई स्कुलमा ३५ वर्ष सेवा गर्दा गर्दै प्रधानाध्यापक पदको जिम्मेवारी समेत लिनु भयो । यता बौद्ध परियत्ति शिक्षाको अध्यापन त निरन्तर छँदै थियो । उहाँले धर्मकीर्ति विहार, आनन्दकुटी, सिद्धार्थ शिशु निकेतनमा प्रिन्सिपल भई, यशोधरा बौद्ध विद्यालयमा शिक्षणको साथै बौद्ध परियत्ति अध्यापन गर्नुभयो । यशोधरा बौद्ध विद्यालयमा पनि सेवा गर्नुभएको थियो ।

शिक्षाप्रेमी कमला गुरुमांको शैक्षिक सेवाको सँगसँगै अर्को प्रभावकारी बुद्ध शासनिक योगदान शुरू हुन्छ वि.सं. २०४७ सालमा पद्मकीर्ति विहारको स्थापनासँगै । वि.सं. २०४५ सालम कमला गुरुमांको परिवारको तर्फबाट ४ आना जग्गा प्राप्त भएपछि विस्तारै निर्माण गर्दै २०४७ सालमा यस विहारको स्थापना भएको हो ।

हाल पद्मकीर्ति विहारमा नियमित आउने उपासक-उपासिकाहरू औसतमा ८० जना जति छ । ठूलो दिन तिथीमा १०० जना भन्दा बढी उपासक-उपासिकाहरू आउने गर्छन् । यहाँ विशेषगरी कमलपोखरी क्षेत्रतिरकै बढी श्रद्धालु आउने गर्छन् । जस्तै कमलपोखरी, नक्साल, लाजिम्पाट, असन, मैतिदेवी, कमलादी, अनामनगर, जयवागेश्वरी, ज्ञानेश्वरतिरका बढी उपासक-उपासिकाहरू पद्मकीर्ति विहारका नियमित उपासक-उपासिकाहरू हुन् । पद्मकीर्ति विहारको स्थापनाबाट यस क्षेत्रतिरका बासिन्दाहरू थेरवादी



पद्मकीर्ति विहारको उद्घाटन



Downloaded from http://www.dhamma.digital



*पद्मकीर्ति विहारको शुरूको स्वरूप*

बुद्ध धर्मतिर आकर्षित भएर बुद्ध शिक्षा ग्रहण गर्दैछन् । भन्नुको तात्पर्य, यो भनेकै कमला गुरुमां जो पद्मकीर्ति विहारका संस्थापक हुनुहुन्छ । उहाँको उल्लेखनीय योगदान हो । यसक्षेत्रमा पद्मकीर्ति विहार स्थापना नहुँदो हो त शायद श्री श्रद्धालुहरूले बुद्ध शिक्षाको रसस्वादन गर्ने अवसर नपाउने हो ।

हाल पद्मकीर्ति विहारमा अनागारिका करूणावती, अनागारिका प्रभावती, अनागारिका ध्यानवती, अनागारिका भावनावतीहरूले कमला गुरुमांसँगै काँधमा काँध मिलाई बुद्ध शासनको लागि जुटिरहनु भएको छ । यस विहारका १०० जना भन्दा बढी सदस्यहरू छन् । महिनाको एकचोटी भोजन पुच:हरूबाट विहारवासी गुरुमांहरू तथा बाहिरको लागि पनि भोजन दानको कार्य हुनेछ ।

विहार स्थापना भएपछि पूज्य बुद्धघोष महास्थविरले कमला गुरुमांलाई आज्ञा दिनुभएको थियो कि विहार बने पछि यहाँ कुनै नित्य पूजा वा पाठ हुनुपर्छ । यो नै आज्ञा शिरोपरगरी कमला गुरुमांले प्रत्येक शनिवार विहान बुद्धपूजा गर्ने कार्य सञ्चालन गर्नुभयो । कमला गुरमांको भनाई अनुसार अष्टमी, पूर्णिमा आदि उपोसथ दिन नरोजीकन शनिवार बुद्धपूजाको दिन रोज्नुभएको कारण त्यो वेला कमला गुरुमांलाई स्कूलमा गएर डच्यूटी गर्नुपर्ने थियो । स्थापना कालदेखि २१ वर्षसम्म भयो नित्य बुद्धपूजा र धर्म देशना अटूट रूपमा भइराखेको छ । पद्मकीर्ति विहार को एउटा विशेषता नै भन्नुपर्छ यहाँ बुद्धपूजामा आउने श्रद्धालुहरूलाई संधै जलपानको व्यवस्था हुन्छ । यो पनि २१ वर्षदेखि टुटेको छैन ।

यो बाहेक विहारको नियमित कार्यक्रम मध्ये गुँला महिनामा एक महिना ध्यान कार्यक्रम, वैशाख महिनाभरि ध्यान कार्यक्रम पनि उल्लेखनीय छ । अरू विशेष उपलक्ष्यहरूमा पद्मकीर्ति विहारको आयोजनामा भएका विशेष धार्मिक कार्यक्रमहरूमा समय समयमा महापरित्राण पाठ, अभिधर्म पाठ, पट्ठान पालि पाठ पनि हो । उस्तै ८० जना भिक्षुहरूलाई ८० जोर अष्ट परिस्कार दान, गुरुमांहरू ५० जनालाई वस्त्र सिलाई दान गरेको, सुमंगल विहार, बुद्धघोष भन्तेकहाँ कठीन दान, बुद्ध विहारमा दुईचोटी कठिन दान इत्यादि पुण्य कार्यहरूको आयोजना भएको छ । त्यस्तै कमला गुरुमांको पुर्ख्यौली राजकर्णिकारको स्थल, हस्तिनापुर विहार मंगल बजारमा पनि बुद्धपूजा, दानप्रदानको भव्य कार्यक्रम आयोजना भइसकेको छ । कमला गुरुमांको ६२ वर्ष जन्मोत्सवको उपलक्ष्यमा ९० जना भन्ते गुरुमांहरूलाई भोजन तथा १५ जना भन्तेहरूलाई अष्टपरिस्कार दानको कार्यक्रम भएको छ ।

यस्ता उल्लेखनीय पुण्य कार्यको अलावा पद्मकीर्ति विहारमा बौद्ध परियत्ति शिक्षाको पठन-पाठन जस्ता र चनात्मक कार्य पनि भइरहेको छ । 'सत्य विभंग सूत्र' अर्थ सहित पठन-पाठन भएको छ । साथै बौद्ध ज्ञानमाला भजन पनि नियमित हुन्छ ।

पद्मकीर्ति विहारको नियमित गतिविधिहरूको उल्लेख गर्नुको तात्पर्य यही हो कि कमला गुरुमांको सत्प्रयासमा तथागतको सद्धर्म शासन चिरस्थायी गर्नमा टेवा पुगेको छ । सयौं श्रद्धालुले पुण्य सञ्चय गर्ने मौका पाएको छ । सद्धर्म श्रवण गरी आ-आफ्नो जीवनमा धार्मिक अभ्यास गर्ने सु-अवसर पाएको छ ।

यहाँ धेरैलाई थाहा पाएको कुरा हो कि विगत केही वर्ष यता कमला गुरुमां मृगौला रोगबाट पिडित हुनुभयो । आफ्नो ठूलो साहस र जाँगरले रोगको उपचार गराउनुभयो । वर्तमानमा पनि उहाँ कमला गुरुमां अन्य व्यक्तिहरू जस्तैपूर्ण रूपमा स्वस्थ हुनुहुन्न । आफ्नो स्वास्थ्यको यस्तो प्रतिकूल अवस्थामा पनि संधैभरि जागृत भई तथागतको सद्धर्म प्रचार गर्नमा आफूलाई समर्पित गर्दै रहने कमला गुरुमांको अथक प्रयास र जोश देख्दा मन मस्तिष्क नतमस्तक हुन्छ हाम्रो ।

**'कतञ्जुता एतं मंगल मुत्तमं'** लाई कमला गुरुमांले अँगाल्नु भएको छ । पद्मकीर्ति विहार यहँसम्म पुग्न सकेको सम्बन्धमा उहाँले सम्पूर्ण दाताहरूलाई कदर गर्नुभएको छ । यही सिलसिलामा पद्मकीर्ति विहार भवन



Downloaded from http://www.dhamma.digital

आजको अवस्थासम्म कसरी पुगनसक्यो भन्दै विहार भवनको केही उल्लेखनीय कुराको चर्चा गरौं ।

सर्वप्रथम कमल पोखरीमा उहाँका बुबा पद्मबहादुर राजकर्णिकारको आफ्नो नीजि किनेर राखेको १४ आना जग्गा मध्ये बुबाको शेषपछि २०४५ सालमा भाई राजेन्द्र राजकर्णिकारले ४ आना जग्गा विहार बनाउन भनी कमला गुरुमांलाई दान दिनुभयो ।

जग्गा प्राप्त भएपछि २०४६ सालमा कमला गुरुमांले आफूसँग भएको २० हजार रूपियाँ र भाई राजेन्द्रले दिनुभएको अरू आर्थिक सहयोगले तीनवटा कोठा भएको विहार निर्माण गर्नुभयो । त्योबेला विहारको जग हाल्न चिनी गुरुमांले पनि आवश्यक सहयोग दिनुभएको थियो ।

तीनवटा कोठाको विहार तयार भएपछि झ्यालहरूमा रेलिङ्ग हाल्न मीना तुलाधर असनको तर्फबाट आफ्ना अन्य साथी, दिदी बहिनीहरूसँग मिली रु. ९ हजार चानचुन रकम चन्दा दिनुभयो ।

विहारमा आवश्यक परेपछि एउटा पानीको ट्याँकी बनाउन शीलदेवी, भोटाहिटीको तर्फबाट रु. २०००/– दान प्राप्त भयो। २०४७ सालमा हलमा स्थापित शुरूको बुद्धमूर्ति आमा हर्षदेवीको नाममा छोराहरू उत्तमरत्न, गौतमरत्न र छोरी तिलोत्तमाबाट प्राप्त भएको हो ।

भगवानको मूर्ति सुरक्षित राख्न ऊड कार्भिङ्ग बुट्टाको खापा भएको दराज स्व. श्यामलक्ष्मी शिल्पकारको तर्फबाट प्राप्त भएको हो ।

त्यसपछि वर्तमानमा भएको भगवान बुद्धको मूर्ति, सारिपुत्र र मौदगल्यायनको मूर्ति स्थापना र त्यसमा दराज सहित पुन:निर्माण गर्न आफ्ना आमा-बुबाको पुण्यस्मृतिमा बसुन्धरा तुलाधरले दानदिनु भएको हो ।

भान्छा निर्माण गर्न धम्मवती गुरुमांले रु. १०,०००/– उपलब्ध गर्नुभएको हो ।

अण्डर ग्राउण्ड पानीको टयाँकी बनाउन रामकृष्ण राजकर्णिकारबाट आफ्ना दिवंगत श्रीमतीको पुण्य स्मृतिमा रु. १०,०००/– दान दिनुभएको हो । यसको लागि नपुग रकम 'धर्मकीर्ति मिजं पुच:' को तर्फबाट चन्दा दिनुभएको हो ।

२०५५ साल पुग्दा दोस्रो तल्लाको पश्चिमपट्टीको कोठा, बाथरूम सहित रु. २ लाखको लागतमा साहु रत्नसुन्दर तुलाधर र मोतिहेरा तुलाधरले स्वर्गीय आमा-बुबाको पुण्य स्मृतिमा निर्माण गर्नुभएको हो ।



धम्मवती गुरुमांको हातबाट विहार उद्घाटनमा शिलापत्र उद्घाटन गर्दै

दोस्रो तल्लाकै पूर्वपट्टी एउटा कोठा धेरै जना श्रद्धालु दाताहरूको तर्फबाट संयुक्त रूपमा निर्माण भएको हो ।

२०६५ सालमा तेश्रो तल्लाको दुईवटा कोठा धेरै जना दाताहरूको तर्फबाट चन्दा प्राप्त भई रु. १० लाखको लागतमा निर्माण भएको हो ।

तेश्रो तल्लामा वरण्डा बनाउनमा र अरू निर्माण गर्न धम्मवती गुरुमांले पनि रु. १ लाखको चन्दा सहयोग गर्नुभएको थियो ।

विहारको दोश्रो तल्लाको बिचको कोठामा स्थापित सुनको जलप लगाइएको बुद्धमूर्ति चिनीया शाक्यले आफ्ना सासु-ससुराको नाममा दान गर्नुभएको हो ।

पद्मकीर्ति विहारमा यति क्षेत्रमा कोठाहरू निर्माण भईसकेपछि २०६५ सालमा शेषपछि धर्मकीर्ति विहार संरक्षण कोषको नाममा जाने गरी अड्डामा रजिस्ट्रेशन पास गरीसकेको छ । जुन कार्य अति नै प्रशंसनीय हो ।

२०६५ सालमै विहारको भविष्यको लागि आवश्यकता महशूस गरी संरक्षण कोष स्थापना गरी शिलापत्र पनि बनाइएको छ । कोषको रकम बैङ्कमा सुरक्षित राखिएको छ ।

कमला गुरुमांको ५० वर्षको प्रव्रजित जीवन तथागतको सद्धर्म चिरस्थायी गर्ने हेतु व्यतीत भएको छ बुद्ध शासनको रथ गुडाउन चलिरहेको एउटा बलियो पांग्रा हो कमला गुरुमां भन्नुमा अत्युक्ति नहोला । कमला गुरुमां जस्तो त्यागीको जन्म र जीवन भनेकै हामी समस्त बौद्ध समुदायको लागि अहोभाग्य हो । ❖



Downloaded from http://www.dhamma.digital



*कमला गुरुमांसंगै पद्मकीर्ति विहारका आवासीय गुरुमांहरू*

# उपकारी गुरुमां कमला

✍ **ध्यानवती गुरुमां**

बुद्धवचन अनुसार लोकमा दुई प्रकारका मानिसहरू दुर्लभ छन् । (१) गुण उपकार गर्ने (२) आफूलाई गरेको गुण उपकारको कृतज्ञ गुण सम्झी प्रत्युपकार गर्ने । यी दुई दुर्लभ मानिसहरूको नमुनाको रूपमा आफूलाई उभ्याउन सफल हुनुहुन्छ कमला गुरुमां । वि.सं. २००४ साल काठमाडौं स्थित कमलपोखरीमा माता पद्मकुमारी राजकर्णिकार र पिता पद्मबहादुर राजकर्णिकारका पहिलो सुपुत्रीको रूपमा वहाँको जन्म भएको थियो ।

कमला नेवाको नामले परिचित वहाँ सानैदेखि सभ्य, सरल र नम्र स्वभावकी धनी व्यक्तित्व हुनुहुन्थ्यो । एक सच्चा बौद्ध उपासिकाबाट बौद्ध अनागारिकाको जीवन धारण गर्नुभएका वहाँ गुरुमांको जीवन चर्यालाई हेर्नुपर्दा वास्तवमै एक कर्मठ बौद्ध व्यक्तित्वको रूपमा पाउन सकिन्छ । ६३ वर्षको उमेरकालसम्म पनि निरन्तर धार्मिक सेवामा लाग्नुभई परहित र परोपकारका कार्यहरूमा सक्रिय रहँदै आउनुभएको छ ।

तिनै कमला गुरुमां वि.सं. २०१८ सालमा बुद्धधर्म अध्ययनको सिलसिलामा म्यान्मार (बर्मा) जानुभएको थियो । सोही साल म्यान्मार, मोलमिन्स्थित खेमाराम विहारमा प्रव्रज्या दिक्षा पनि प्राप्त गर्नुभयो । उक्त विहारको दों पञ्ञाचारी गुरुमांको सान्निध्यमा रहेर तीनवर्षसम्म बुद्धधर्मको अध्ययन गर्नु भईसकेपछि वि.सं. २०२१ सालमा नेपाल फर्कनुभयो । नेपाल फर्कनुभई श्रीघ:स्थित धर्मकीर्ति विहारमा बस्नुभयो । धर्मकीर्ति विहारमा बसोबासको क्रममा वहाँले आफू र आफूले अङ्गालेको बुद्धधर्मको प्रचारप्रसार कार्यमा व्यापक रूपमा लाग्नुभयो । हिन्दू संस्कारले जकदिएको त्यो वेलाको नेपाली समाजमा वुद्धशिक्षा सम्बन्धी चेतना फैलाउनु वास्तवमै चुनौतिपूर्ण कार्य थियो । तर वहाँको निरन्तर प्रयास र मेहनतसंगै आफ्नो उद्देश्यमा अडिग रही व्यापक जनमानसमा बुद्धशिक्षा सम्वन्धी चेतना फैलाउने कार्यमा सक्रिय रहनुभयो । वि.सं. २०४७ सालमा कमलपोखरीमा आफ्नै मेहनत र खर्चमा पद्मकीर्ति विहारको स्थापना पनि



Downloaded from http://www.dhamma.digital

गर्नुभयो । जहाँ कमला गुरुमां सहित अन्य चारजना गुरुमांमध्यको सहयोगमा हाल उक्त विहारको सञ्चालन भइराखेको छ ।

वहाँको बहुआयामिक व्यक्तित्वतर्फ नियालेर हेर्दा एक कुशल वक्ता, कुशल अनुशासक एवं शिक्षित समाजसेवीका एवं धार्मिक व्यक्तित्वको रूपमा हामी पाउन सक्छौं । २०४७ सालदेखि आफ्नै नेतृत्वमा पद्मकीर्ति विहारको सञ्चालन गर्दै आउनुभएका वहाँ गुरुमांले एक कुशल शिक्षिका एवंम् अनुशासकको भूमिका निर्वाह गर्नुभएको छ । नारी जातिलाई उत्थान गर्नुपर्छ भन्ने मान्यता सहित वहाँले प्रभात स्कूल, श्रीघःमा प्रौढ शिक्षा अध्ययन गर्नुभई पछि स्कूल जानुभई प्रवेशिका परीक्षा एस.एल.सी. पनि पास गर्नुभयो । स्मरणीय छ, नेपालका सम्पूर्ण अनगारिका गुरुमांहरू मध्ये एस.एल.सी. पास गर्नुहुने प्रथम गुरुमां कमला गुरुमां नै हुनुहुन्छ । आफूले एस.एल.सी. पास गरेको उक्त प्रभात स्कूलमै शिक्षिकाको रूपमा रहनुभयो । आफ्नो सेवाकालमा गरिब एवंम् पिछडिएका विद्यार्थीहरूलाई निःशुल्क पठनपाठन गराउने देखि सकूलमा पानी, खेलकूद, मेच, टेबुल आदिको व्यवस्थामा पनि ठूलो सहयोग गर्नुभयो । यसरी आफू पढेको स्कूलमै कमला गुरुमांले शिक्षिका एवंम् प्रधानाध्यापिकाको रूपमा वर्षौंसम्म सेवा पुऱ्याई हाल अवकाश प्राप्त हुनुभएको छ । प्रथम स्कूल बाहेक, गणबहाल, आनन्दकुटी विद्यापिठ, यशोधरा मा.वि. आदिमा पनि वहाँले शैक्षिक योगदान पुऱ्याउनु भएको छ ।

वहाँको व्यवहारिक जीवनतर्फ हेर्दा स्वावलम्वनयुक्त जीवन, व्यवहारलाई वहाँले प्रोत्साहन दिनुहुन्छ । आफ्ना चेली एवंम् विहारका सदस्यहरूलाई स्वावलम्बी भई जीविका गर्न वहाँले निर्देशन दिनुहुन्छ । सरसफाईको क्षेत्रमा पनि वहाँ नमुना लिन लायक व्यक्ति हुनुहुन्छ । आफू अस्वस्थ भएकै कारण आफूजस्तै अरू पनि रोगी नहोस् भन्ने उपकारी चेतनायुक्त भावनाले वहाँ अरूलाई स्वास्थ्य र सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिनुहुन्छ । गलतकार्यका निम्ति क्षमा र सजायँ तथा असल कार्यका निम्ति प्रशंसा र प्रोत्साहन वहाँ गुरुमांको अर्को असल व्यवहारिक पक्ष हो । कमला गुरुमांले आफ्नो जन्मथलो कमलपोखरीलाई नै कर्मथलोको रूपमा पाउनु भएको छ । आफ्नो कुशल नेतृत्व तथा अन्य ज्येष्ठ गुरुमांहरूको सही निर्देशनमा हाल पद्मकीर्ति विहारको निरन्तर सञ्चालन हुँदै आएको छ । हाल यस विहारमा गुरुमांहरू पाँचजना बसोवास गरिरहेका छन् । यस विहारमा हुने विभिन्न धार्मिक एवंम् सामाजिक क्रियाकलापहरूबाट धेरै उपासक-उपासिकाहरूको उपकार भएको पाउन सकिन्छ । प्रत्येक शनिवार बुद्धपूजा एवंम् ध्यान, धर्मदेशनाको कार्यक्रम हुने गरेका छन् । त्यस्तै गुँला महिना र वैशाख महिनाभरी विभिन्न धार्मिक सूत्रहरूको पाठ, ध्यान, अभ्यास, धर्मदेशना आदि कुशल कार्यहरू हुने गरेका छन् । प्रत्येक महिनाको प्रथम शनिवार विहारमा उपस्थित सम्पूर्ण उपासक-उपासिकाहरूलाई धर्मदेशना सहित भोजन दानको पनि व्यवस्था हुँदै आइरहेको छ । यस्तै समय-समयमा विभिन्न उपलक्ष्यहरू लिई भन्ते गुरुमांहरूलाई निमन्त्रणा गरी भोजन दानको कार्य पनि हुँदै आएको छ ।

हाल कमला गुरुमां शारीरिक रूपमा अशक्त एवंम् रोगी हुनुहुन्छ । तरपनि सक्नेजति कार्यमा आफै लाग्नुभई अरूलाई प्रेरणादिनुका साथै कुशल निर्देशन पनि गर्नुहुन्छ । वहाँमा रोगी मानिसको मानसिकता कमै पाउन सकिन्छ । विहारका विभिन्न क्रियाकलापहरू देखि लिएर धर्म देशना गर्ने कार्यमा समेत आफैं अघिसर्नु हुने कमला गुरुमां दया, करूणायुक्त हृदयकी धनी परोपकारी गुरुमां हुनुहुन्छ । अरूको दुःखलाई आफ्नै दुःख सरह मानेर समस्याको समाधान गर्न सहयोग गर्ने बानी वहाँको अर्को सद्गुण हो । रोगको कारण आफूले खान नमिले पनि आफ्ना विहारका सदस्य एवंम् उपासक-उपासिकाहरूलाई मिठो खुवाउनुपर्छ भन्ने वहाँको भावना रहेको छ । यसरी शारीरिक अशक्तताका बाबजुत पनि एक कुशल निर्देशक, परिश्रमी एवंम् दया, करूणा र परोपकारी हृदयकी धनी व्यक्तिको रूपमा आफूलाई प्रस्तुत गर्न वहाँ कमला गुरुमां सफल हुनुभएको छ ।

यसप्रकार समग्रमा कमला गुरुमांको कार्य, व्यवहार र जीवनीलाई हेर्दा वहाँले कर्तव्य पालन संगसंगै आफ्नो जीवनको अधिकांश समय परहित, परोपकार र धार्मिक एवंम् सामाजिक सेवामा समर्पित गर्नुभएको हामी पाउन सक्छौं । यसर्थमा वहाँ कमला गुरुमांको प्रव्रजित जीवनको ५० औं वर्ष आजसम्म वास्तवमै स्वर्णरूप भएको मान्न सकिन्छ । शारीरिक आवश्यकताका बावजुद वहाँले गर्नुभएको योगदानको कदर गर्दै वहाँका भावी दिनहरू पनि कुशल, मङ्गल तथा कल्याणमय हुनसकोस् भन्ने हृदयदेखिको कामना रहेको छ । ❖



Downloaded from http://www.dhamma.digital



# मैले चिनेको मेरो गुरुआमा 'कमला'

✍ रेखा तामाङ्ग

आजभन्दा ६ वर्ष अगाडिको कुरा हो मलाई गुरुआमाले अफिसमा बोलाउनु भयो जुन बेला उहाँ प्रभात माध्यमिक विद्यालयको प्रशासनमा प्रध्यानाध्यापिकाको आसनमा बसिरहनु भएको थियो । मेरो पढाई र घरको व्यवस्था सोध्नुभयो र उहाँले तुरुन्तै मलाई छात्रवृत्तिको व्यवस्था मिलाइदिनु भयो । यो उहाँको जेहेन्दार आर्थिक अवस्था कमजोर विद्यार्थीहरू माथि गरिने उहाँको उदारताको चिन्ह मैले पहिलो पटकको भेटमा पाएँ ।

उहाँ हेर्दा खेरि नम्र जस्तो देखे पनि उहाँ पढाइमा चाहिं कडा हुनुहुन्थ्यो । यतिसम्म कि विद्यार्थीहरू सबै चुपचाप लागेर अनुशासनमा बस्थे । गुरुमां प्राय: जसो कक्षामा आएर गृहकार्य हेर्ने र सोध्ने गर्नुहुन्छ । त्यसैले मेरो साथीहरू गुरुआमाले पाठ सोध्ने डरले गर्दा उनीहरू कुनामा बसेर मलाई छेउमा बस्न लगाउँथ्यो । अरू शिक्षक, शिक्षिकाको पालोमा भन्दा गुरुआमाका पालोमा विद्यार्थीहरू शान्त र अनुशासनमा बस्थे । उहाँ कक्षामा बसेर सबै विद्यार्थीहरूलाई आँखा पुऱ्याउन सकेको प्रतिभा र चतुऱ्याईलाई म कहिल्यै पनि बिर्सन सक्दिन । गुरुआमा एउटा राम्रो शिक्षिका पनि हुनुहुन्छ । नबुझेको बुझाइदिने, नजानेको सिकाइदिने, कक्षाकोठामा व्याकरणहरू सिकाइ दिनुहुन्थ्यो । एकएकजनालाई उठाएर पढ्न लगाउनु हुन्थ्यो । गृहकार्य दिनुहुन्थ्यो, जाँच गर्नुहुन्थ्यो । नमिलेको सच्याई दिनुहुन्थ्यो । यो देख्दा शिक्षक भनेको त यस्तो पो हुनुपर्छ जस्तो मलाई लाग्दथ्यो । त्यस्तै गुरुआमाले विद्यार्थी र पढाईलाई मात्र महत्त्व दिनु हुँदैनथ्यो । गुरुआमा प्रधानाध्यापीका भए देखि विद्यालयमा पानीको समस्या भएन, विद्यालयमा फिल्टरको व्यवस्था गरिदिनु भयो, त्यस्तै विद्यालय वरिपरि सबैतिर संधै सफासुग्घर हुनथाल्यो ।

त्यसैगरी फेरि गुरुआमाले मलाई कक्षा ९ मा अर्को अविश्मरणीय गुण लगाउनुभयो जतिखेर म हजुर आमासंग बस्दाखेरीको कुरा हो । हजुरआमाको उमेर र मेरो उमेर बिच धेरै फरक भएको कारणले गर्दा होला हामी बिच मनमुटाव भइरहन्थ्यो । तर एकदिन म त्यहाँ नबस्ने निर्णय लिएर साथीसंग बस्थें त्यति खेर म घर र विद्यालय दुवै ठाउँमा गइन । विद्यालयको परीक्षा सुरू भएको कारणले गर्दा होला जतिखेर म रोल नं. १ थिएँ । त्यसै कारणले गर्दा होला सबै शिक्षकहरूले मलाई खोज्दै रहेछ तर भाग्यवश गुरुआमासंग मेरो फेरि भेट हुनको लागि होला एकदिन म त्यसै विद्यालयतिर गएको थिएँ । मलाई बाहिर देखेर फेरि अफिसमा लैजानुभयो र गुरुआमालाई मै ले फेरि भेट्ने मौका पाएँ तर यसपटकको भेट मेरो जीवनको



Downloaded from http://www.dhamma.digital

अविस्मरणीय क्षणनै हुनपुग्यो । गुरुआमाले आफ्नै खल्तीबाट परिक्षा शुल्क झिकेर तिरीदिनुभयो र विहारमा बस्ने प्रस्ताव राख्नुभयो । यो प्रस्तावले म यति धेरै खुसी भएँकीथिएँ त्यो मेरो जीवनको रमाइलो क्षण रह्यो । किनभने म पनि विहारमा बस्न पाउने भएँ भनेर, जहाँ म पनि राम्रा कुराहरू सिक्न पाउने भयो । म भौंतारिएर हिंड्न नपर्ने भो भनेर त्यसमा पनि उहाँ सबै जनाले मानसम्मान गर्ने गुरुआमाहरूसंग बस्ने मौका पाउँदा खेरित एकछिन त विश्वासनै लागेन । त्यसपछि विद्यालयको परीक्षा सकेपछि म कमलपोखरीस्थित विहारमा बस्न आएँ । यहाँ आएर पछि मैले झनै गुरुआमाको महानतालाई नजिकबाट यतिसम्म देखेंकि कहिल्यै सोचेको पनि थिएन । मलाई गुरुआमाले यतिसम्म माया गर्नुभयो कि मैले आमाबालाई कहिल्यै पनि सम्झनु परेन । मेरो लागि यस्तो भयो कि “ढुङ्गा खोज्दा देवता भेटें” जस्तो लाग्यो । मेरो लागि भगवान् जतिकै हुनुभयो । मलाई नयाँ जीवन दिने गुरुआमा ।

मलाई केही सामान चाहियो भने आमाबुबासंग एकएकचोटी पैसा मागिरहनु पर्थ्यो होला, त्यसमा पनि सबै मैले भनेको जस्तो मैले पाउँदिन थिएँ होला तर गुरुआमाले मैले कहिल्यै गुरुआमासंग पैसा माग्नुपर्ने स्थिति सृजना गर्नुभएन । आफैंले हेरेर “ल तिमीलाई के-के चाहिन्छ किनेर लेराऊ, विद्यालयमा के-कति चाहिन्छ भनेर सोधेर हेरर आफैंले दिनु हुन्छ । त्यस्तैगरी घरमा भएको भए मैले पहिलेनै विद्यालय छाडिसक्थें होला तर गुरुआमाको मायाँ, ममता मिहिनेत र प्रेरणालेगर्दा अहिले म बि.ए. पहिलो वर्षमा पढ्दैछु त्यसैले कहिले काँही म सपनाकै दुनियाँमा छु कि क्याहो जस्तो लाग्छ । अहिले यो संसारमा त्यसमाथि पनि आफ्नोले आफ्नैकै भर गर्न गाऱ्हो पर्ने समयमा कोही होला त उहाँजस्तो ? अर्काको छोरीलाई यति धेरै मायाँ ममता गर्ने गुरुआमा देख्दा मेरो लागि सपना जतिकै लाग्छ ।

गुरुआमा मेरो लागि मात्र भगवान जस्तो होइन अरू दिनदुःखीहरूको लागि पनि उत्तिकै हुनुहुन्छ । उहाँ कसैको दुःख हेर्न सक्नुहुन्न, अरूको दुःख पनि आफ्नै जसरी लिनुहुन्छ । आफूले सक्दो मद्दत गर्नुहुन्छ । गुरुआमाले सबैलाई मद्दत गर्नु हुन्छ भनेर थाहा पाएर होला, सबैजना गुरुआमा सामु दुःख सुख पोख्न आउँछन् । वास्तवमा गुरुआमाको स्वास्थ्य राम्रो छैन त्यही पनि विहारमा आउने मानिसहरूलाई अर्तिउपदेशहरू दिएर सत्मार्गमा हिंड्न प्रेरणा दिनुहुन्छ । गुरुआमा जतिसुकै विरामी भएपनि सबै ठाउँमा हेरेर सफासुग्घर गर्न लगाउनु हुन्छ त्यसैले विहार र विहार वरपर संधै सफासुग्घर हुन्छ ।

गुरुआमाको महानता यति धेरै छ कि यो कलमले जति लेखे पनि मैले जति नै वयान गरे पनि कमै होला । त्यसैले गुरुआमाको प्रव्रज्या जीवन ५० वर्ष पुगेको शुभउपलक्ष्यमा उहाँको सुस्वास्थ्य र उन्नतिको शुभकामना दिंदै यो कलम बिसाउँदैछु ! धन्यवाद !!

*(नोटः लेखिका हाल पद्मकीर्ति विहारमा सेविकाको रूपमा कार्यरत हुनुहुन्छ । -संयोजक)*

# मेरी ठूली आमा



मेरी ठूली आमा,
हुनुहुन्छ गुरुआमा ।

हुनुहुन्छ उहाँ,
धेरै जाती ।

भन्नुहुन्छ उहाँ,
मेरी हात समाती
“नानी ! तिमी संधै बन है ज्ञानी !”

मेरी ठूली आमा,
हुनुहुन्छ धेरै जाती ।।

✎ श्राविका ताम्राकार



Downloaded from http://www.dhamma.digital




*पद्मकीर्ति विहारमा महापरित्राणको अवसरमा परिवारजनसँगै कमला गुरुमां*

## मेरो मनको अन्तस्करणमा

# अनागारिका दिदी, म र मेरी छोरी

✍ अनिला ताम्राकार

'घरमा जेठो नहुनु, परदेशमा कान्छो नहुनु । यो एउटा प्रचलित नेपाली उखान हो । यस उखानको आशय घरमा जेठो भए जिम्मेवारी धेरै हुने भन्ने हो । त्यस्तै परदेश लाग्दा कान्छो भए सबै धन्दापातको काम गर्नुपर्ने भएकाले कान्छो नहुनु भनिएको हो । घरको जेठो छोरा, छोरी वा जेठोपाको सबैको काँधमा अरूको तुलनामा बढी जिम्मेवारी हुन्छ । घरको मूलीको जिम्मेवारी सबैभन्दा बढी हुन्छ । त्यसपछि जेठोपाको अन्य सदस्यको । नेपाली समाज पितृसत्तात्मक समाज हो । त्यसैले परिवारमा जेठो छोरोले बाबुको बिँडो थाम्नुपर्ने हुन्छ । जेठो छोरोलाई त्यसरी नै अभ्यास गराइन्छ पनि । अनि जेठी छोरीको काम चाहिँ घर मा आमालाई सघाउनु र भाइबहिनीको हेरचाह गर्नु हो ।

काठमाडौंको कमलपोखरी मेरो पुर्ख्यौली घर हो । अहिले म विवाह गरेर पाटन मंगलबजारमा पुगेकी छु । मेरो बुबा पदमबहादुर र आमा पदमकुमारीका ११ जना सन्तानमा हामी १० जना छोरी छौं । दिदी कमला नेवा अनागारिका, जेठी छोरी मात्र होइन, उहाँ नै पहिलो सन्तान पनि हुनुहुन्छ । अनि म चाहिँ परिवारकै सबैभन्दा कान्छो सन्तान । दिदी कमला घरको जेठी छोरी भए पनि उहाँ १५ वर्षकै उमेरमा अनागारिका बन्नुभयो । मामा भिक्षु सुमंगलको प्रेरणाले उहाँ अनागारिका बन्नुभएको कुरा मैले पछि थाहा पाएकी हुँ । किनकि उहाँ म जन्मनुभन्दा आठ वर्षअघि नै अनागारिका बन्नुभएको हो । उहाँ र मेरो उमेरका बीचमा २४ वर्षको अन्तर छ ।

म यहाँनेर मैले माथि उठाएको प्रसङ्ग पुन: जोड्न चाहन्छु । घरको जेठी छोरी भएको नाताले कमला दिदीको मुख्य दायित्व घरमा आमालाई सघाउनु हो । भाइबहिनीको हेरचाह गर्नु हो । तर दिदी अनागारिका बन्नुभएपछि पक्कै



Downloaded from http://www.dhamma.digital

पनि सुरुका दिनहरूमा दिदीले घरको काममा आवश्यक सहयोग गर्न सक्नु र भ्याउनुभएन होला । यो मभन्दा माथिका दिदीहरू तथा आमाले अनुभूत गर्ने कुरा हो । तर मैले दिदीबाट जति माया पाएँ, त्यो लगभग आमाकै हाराहारीमा थियो र छ भन्नुमा मलाई कुनै दुविधा छैन । अनि उहाँले घरको काममा पनि उत्तिकै सहयोग गरेको देख्दै आएकी छु ।

मेरो सम्झनामा अझै पनि ताजै छ, म पहिलोपटक विद्यालय भर्नाका लागि प्रवेश परीक्षा दिन जाँदा दिदी कमलासँगै गएकी थिएँ । म आँशु पुछ्दै दिदीको लुगाको फेर समाएर प्रवेश परीक्षा दिन कक्षा छिरेकी थिएँ । पछि विद्यालय जान थालेपछि पनि अधिकांश समय उहाँले नै मलाई टिफिन खर्च दिनुहुन्थ्यो । आमाले दिनुहुँदा थोरै दिनुहुन्थ्यो भने दिदीले अलि धेरै । जस्तो आमाले पाँच रुपैयाँ दिनुहुँदा दिदीले १० रुपैयाँ दिनुहुन्थ्यो । त्यसैले म पनि दिदीप्रति अलि बढी आशे बनेकी थिएँ । दिदी कहिलेकाहीं सुत्न घरमै आउनुहुन्थयो । दिदी आउने दिन म बरन्डाबाट परपरसम्म हेर्दै उहाँलाई नै कुरेर बस्थैं । दिदी आउनुभएको दिन म उहाँसँगै सुत्थैं ।

दिदी घरमा आउनुहुँदा सधैं केही न केही लिएर आउनुहुन्थ्यो । खासगरी, उहाँले मौसमी फलफूल ल्याउनुहुन्थ्यो । आँप, आरू र आलुबखडा मलाई खुब मनपर्थ्यो । उहाँले मेरै लागि भनेर टाइगर चिज र तितौरा पनि ल्याइदिनुहुन्थ्यो । अहिले पनि मलाई दिदीसँग भेट हुँदा चिज र तितौराको आश लाग्छ भने दिदीले पनि ल्याइदिन छुटाउनु हुन्न ।

म एसएलसीको नजिक थिएँ । उहाँ मेरो दुबै ख्याल गर्नुहुन्थ्यो । एसएलसीमा फेल पो होला कि भन्ने चिन्ता मलाई भन्दा पनि बढी उहाँलाई रहेछ । त्यसैले उहाँले सबै जसो विषयमा मलाई ट्युसन कक्षामा हालिदिनुभयो । ट्युसन पढ्न पाएकैले मेरो एसएलसी नतिजा पनि राम्रो भयो ।

दिदी पहिले माधवी गुरुमाले सञ्चालन गर्नुभएको यशोधरा माध्यमिक विद्यालयमा पढाउनुहुन्थ्यो र त्यहीं बस्नुहुन्थ्यो । त्यहाँ रहुन्जेल बेलाबेलामा घर पनि आइरहनुहुन्थ्यो । पछि बुबाले दिनुभएको जग्गामा दाइले विहार बनाइदिनुभएपछि भने उहाँ धेरैजसो कमल-पोखरीस्थित पद्मकीर्ति विहारमै बस्न थाल्नुभयो । घर आउने क्रम पातलियो तर मेरो दिदीसँगको भेट र निकटता भने कम भएन । म दिदीलाई भेट्न विहारमै जान्थैं । दिदीले मलाई विहारमा मीठो-मीठो खानेकुरा दिनुहुन्थ्यो । त्यसैले मेरो लागि विहार जानु भनेको पिकनिक वा मामाघर जानुजस्तै थियो । दिदीलाई विहारमा भेट्न जाँदा मलाई अत्यन्तै खुशी लाग्थ्यो ।

म २८ वर्षकी थिएँ । आमा बित्नुभयो । घरमा केही सन्नाटा छायो । तर मलाई दिदीकै कारण आमा नहुनुको ठूलो पीडाबोध भएन । यसलाई यस किसिमले परिभाषित गरौं, उहाँले मेरो लागि आमाको स्थान लगभग लिइसक्नुभएको थियो । अहिले उहाँको माया मेरी छोरी श्राविकाप्रति पनि उत्तिकै बाँडिएको छ । उहाँ मेरी छोरीलाई हरेक भेटमा पहिले मलाई सानो छँदा दिने गर्नुभएजस्तै विभिन्न प्रकारका मिठाई, खानेकुरा आदि दिनुहुन्छ । भनौं मायाको बाढी नै पोखिदिनुहुन्छ ।

यी त एक नितान्त पारिवारिक कुराहरू हुन् । मुख्य कुरा त उहाँ बौद्ध धर्मका कट्टर अनुयायी । आफ्नो जीवन नै भिक्षुणीको रूपमा बौद्ध धर्ममा समाहित गर्नुभएको व्यक्ति । बुद्ध शान्त प्रकृतिका थिए भनेर हामीले पढ्दै र सुन्दै आएका छौं । बुद्ध अहिंसा अर्थात् शान्तिका प्रंतीक हुन् । त्यसैले बुद्धलाई एसियाका ज्योति, शान्तिको प्रतीक आदि रूपमा लिइन्छ । दिदी कमलामा पनि बुद्धको त्यो स्वभाव मैले पाएकी छु । शान्त, विशाल अनि क्षमाशील मन उहाँको विशेषता हो । उहाँको यही स्वभावले पनि म अत्यन्त प्रभावित भएकी छु, बौद्ध धर्मप्रति । हुन त अन्य धर्मले पनि शान्तिलाई उत्तिकै महत्व दिएको पाइन्छ तर घरमै एक बुद्धका अनुयायी अनि त्यही स्वभाव विकास गर्दै लगेको अभिभावक हुँदा मेरो झुकाव बौद्ध धर्मप्रति हुनुलाई म अस्वाभाविक ठान्दिनँ ।

नेवारहरूमा हामी राजकर्णिकार परिवार बौद्ध धर्मप्रति आस्था राख्छौं । दिदी कमला अनागारिकाको शान्त स्वभाव, उहाँको दयालु र स्नेही मन आदिले हाम्रो परिवार स्वभाविक रूपमा बौद्ध धर्मप्रति झुकाव राख्ने भयौं । अझ उहाँ कठीन परिस्थितिका बाबजुद पनि आफ्नो अध्ययनलाई अघि बढाएर प्रभात माध्यमिक विद्यालय श्रीघल, क्षेत्रपाटीको प्रिन्सिपलसमेत बन्नुभयो । उहाँको यो संघर्षपूर्ण जीवन अनि सफलताले हाम्रो परिवारलाई थप प्रेरणा मिलेको छ । त्यसैले पनि हामी सबै परिवार उहाँको सफल जीवनको पक्षमा छौं र रहिरहनेछौं । दिदी कमला अनागारिकाको सार्थक जीवनका लागि मेरो लाख बधाई, शुभकामना अनि प्रार्थना । धन्यवाद । ❖



Downloaded from http://www.dhamma.digital



# आमाको प्रतिरूप

✍ दीपिका ताम्राकार

**"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"** सबभन्दा पहिला मेरो ठूलीआमा कमला गुरुमांलाई प्रव्रजित जीवनको ५० वर्ष पूरा भएको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभ-कामनाका साथै सुस्वास्थ्य एवंम् दीर्घायुको कामना अर्पण गर्न चाहन्छु ।

मेरो मम्मी बित्दा म धेरै सानै थिएँ । मम्मीलाई केही समय अघि नै अब म धेरै बाँच्दिन भन्ने महशूस भइसकेको थियो र सायद तीन-तीन जना स-साना बच्चाहरूलाई बाबाले सम्हालन सक्नु हुन्न भनेर होला मम्मीले मलाई चाहिं त:मांको रेखदेखमा छोडेर जानुभयो । त्यसैवेला देखि म त:मांसँग पद्मकीर्ति विहारमा बसिरहेकी छु र यो घटना बितेको लगभग १५-१६ वर्ष भइसक्यो ।

त:मांलाई बच्चाहरू भनेपछि एकदमै मन पर्दथ्यो, सो अहिले पनि कायमै छ । मलाई त त्यति राम्ररी याद छैन तर उहाँ बेलावखत भन्ने गर्नुहुन्छ कसरी म भरखर टुकटुक हिँड्न जानेको वेलामा मलाई बजारतिर घुमाउन लग्नु हुन्थ्यो । यो कुरा मलाई मात्र होइन मेरा परिवारका अरूलाई पनि याद होला सानो वेलामा उहाँसँग बजार गएको कुरा । उहाँ यो पनि भन्नुहुन्छ कि मेरा अरू त:मां, आन्टीका छोराछोरी भन्दा मेरो हेलमेल उहाँसँग अलिकति बढी नै थियो र सायद पहिलेको संस्कार पनि थियो होला जसको कारणले पछि गएर म उहाँसँगै उहाँको विहारमा बस्न पुगेको ।

परिवारमा बस्दा कसैको बिछोडले बाँकी परिवार जनको जीवनमा धेरै पीडा र खालीपन ल्याउँछ त्यो पनि एउटा एकल परिवारमा आमा नहुनुले कति फरक हुन्छ । भगवानको कृपाले भनौं कि के भनौं मैले त्यो खालीपन चाँहि महशूस गर्न पाइन किनभने आमाको हात टाउकोबाट उठेपछि पनि मैले मेरी ठूलीआमा (त:मां) को हात पाएँ मेरो शिरमा जो मेरो लागि मेरो आमाभन्दा कम हुनुहुन्न थियो । जसले एउटा आमाले जस्तै मेरो खानपान देखि लिएर मलाई चाहिने हरेक जरूरतको ध्यान राख्नु हुन्थ्यो । विहान-विहान उठी जहिले टिफिन बनाइदिनु हुन्थ्यो, स्कूलबाट आउँदा पनि खाना बनाएर खुवाउनु हुन्थ्यो । भन्ने हो भने खाना पकाउनमा उहाँ एकदमै सिपालु हुनुहुन्थ्यो । हेर्दा केही मसलाहरू राखेको देखिंदैन थियो र तुरून्तै खाना बनाउनु हुन्थ्यो तर स्वाद भने अति नै मीठो हुन्थ्यो, मानौं उहाँको हातमा जादु छ ।

अहिले उहाँ एउटा अवकाश प्राप्त प्रधानाध्यापीका हुनुहुन्छ र एउटा मृगौला प्रत्यारोपण गरिएको बिरामी पनि । आजकाल धेरैजसो समय उहाँ आफ्नो विहार मैं बिताउनु हुन्छ । उहाँ धेरै हिँडडुल गर्नसक्नु हुन्न तर पनि उहाँको हौसला भने त्यतिकै छ । उहाँ बाहिर धेरै जान नकसे पनि विहार मै भोजन दान र साप्ताहिक बुद्ध पूजा सञ्चालन गर्दैरहनु भएको छ ।

पहिले जसरी त:मांले मेरो रेखदेख गर्नुहुन्थ्यो । अहिले त्यहाँ बस्ने अरू गुरुमांहरूसँग मिलेर म त:मांको खानपान देखि लिएर समयमा औषधि खुवाउने होस् या डाक्टर कहाँ रिपोर्ट देखाउन जाने होस् सबै मिलीजुली गर्छु । मैले उहाँको जति सेवा गरे पनि उहाँले मलाई गरेको मायाँ, ममता, स्नेह र मातृत्वभावको अगाडि न्यून नै हुनेछ तर कोशिस चाहिं जारी छ अनि प्राणीको हिसावले मेरो उत्तरदायित्व पनि हो ।

फूल ओइलाएर जाला, तर बोट रही रहला ।
मनुष्य मरेर जाला, तर ममता अमर रहला ॥ ❖



Downloaded from http://www.dhamma.digital

# आर्या प्रज्ञाया सुवर्ण दिवसया लसताय्



पद्मकीर्ति विहारको आयोजनामा सुमङ्गल विहारमा कठिन दान ◀

**पद्**मपुष्प पुखूया लिक्कसं ला:गु: विहारया नां जुल पद्मकीर्ति ।
**(द्)मग्** मग् मग् मग् बासं जा:गु; जुल सो उगु स्वाँ सकस्या निंतिं ।
**कीर्**ति उकिया तना मवं गबलें; पवित्र गुणं जा: न्ह्याबलें उगु स्वाँ ।
**(र्)ति**सा समान ख: द्योपिं दक्वया; आसन नं जुल च्वन्ह्या:पिं धाक्वया ।
**वि**श्व न्यकनं उलि हे ग्यसु ला; झ: झ: मझ: धाया नुग: हे ह्वयेधा: ।
**हा**नं क्वातुया मा नं चं चं धा:; भ्यातनालय् बूसां मकी सो भ्यातना: ।
**र**चना हे थुकिया अजुचाया पुसेच्वं; रहस्य सुनां मथू उया स्वभावया ।
**या**ये ल्व: धात्थें नं उकिया गवेषण; थुइकेगु कुतलय् उया वास्तविकता ।
**सं**रक्षण यायेत मस्यंक वयात; बीमा: मल जल बुद्धिं चायेका ।
**स्था**पित गौरव म्वाकावं तयेत; नरम कोमल चरित्र मन्हंकेत ।
**प**रोपकारया भावना ब्वलंका; निरन्तर प्रगति यानावं यंकेत ।
**क**रूणाभाव बिलि बिलि जायेका; मैत्रीया सिचुगु किचलं दायेका ।
**शी**ल समाधि व प्रज्ञा ब्वलंकेत; यायेमा: भावना स्मृति क्वातुका ।
**ल**घुता मृदुता प्रश्रब्धि प्रगुणता; दृढ सक्षम सबल एकाग्रता ।
**व**रद पवित्र जीवन न्ह्यचीका; जुइमाल नमूना सकल जगतया ।
**ती**ब्र तीक्ष्ण प्रबल पराक्रम, न्ह्यब्वया वनेमाल शिलास्तम्भथें जुया ।
**आ**र्यावर्त नेपाल भूमिया; जुइमाल सुपुत्री भृकुटीसम जुया ।
**(र्)या**ये माल प्रगति जिन-शासनया; धात्थेंम्ह बुद्धपुत्री धायेका धर्मया ।
**प्र**णीत कमल पलेस्वाँया वास:थें; मधुर स्निग्ध वास: ह्वला ह्वला ।
**ज्ञा**पित यायेमाल प्रज्ञारस छ्वला; पान याकाव अमृत रसधा: ॥
धन्य ! धन्य !! छ जुइमाल कमला !!!
साधु ! साधु !! धाये स्वर्णिम स्थितिया !!!
साधु ! साधु !! सुवर्ण जयन्तीया !!!

✍ **श्रमण ज्ञांजा:**



Downloaded from http://www.dhamma.digital

आफ्नो सिङ्गो जीवनलाई बौद्ध धर्मको माध्यमबाट मानव मुक्तिका निम्ति समर्पण गर्न कटिवद्ध गुरुमां, शिक्षालाई जीवनको अन्धकार चिर्ने ज्ञानपुञ्ज ठान्नुहुन्छ। सायद ज्ञानको प्रसाद बाँड्ने पुनीत कर्ममा आफूलाई होम्ने पवित्र मनशायबाट प्रेरित भएर नै प्रौढ कक्षा सञ्चालन हुँदाताका नै आवद्ध हुनुभयो उहाँ प्रभात स्कूलमा सायद त्यो २०२२ सालतिर थियो। सोही विद्यालयबाट वि.सं. २०२४ मा एस.एल.सी. दिनुभए पछि २०२८ सालमा उहाँ सोही स्कूलमा अध्यापन गर्न नियुक्त हुनुभयो शिक्षाको उज्यालो बाँड्ने पवित्र कर्ममा। लामो समय आफूलाई ज्ञान बाँड्ने कर्ममा होम्दा केवल कोरा ज्ञान मात्र शिष्यहरूलाई थोपर्नु भएन वरू सेवा भावले ओतप्रोत र जीवनमुखी ज्ञान प्रसार गर्न दत्तचित्त भएर लाग्नुभयो।

समुदायमा मर्दापर्दा त यसै पनि एकले अर्कालाई सहयोग गर्नुपर्छ नै अपितु दीनहीन व्यक्तिहरूको उत्थानमा हाम्रो आयको निश्चय अंश छुटचाएरै राख्नुपर्छ भन्ने उहाँको मान्यता थियो।



*प्रभात स्कूलको गतिविधिमा कमला गुरुमां*

# कमला गुरुमांलाई कदर गर्ने हो भने ... ...

✍ सुमन शाक्य

जतिवेला सायद धर्मकीर्ति विहारमा मेरो उहाँसँग परिचय भयो त्यतिवेला म एक बालिका थिएँ तथापि म त्यसवेला देखि नै उहाँबाट प्रभावित थिएँ। पछि शिक्षण पेशालाई अँगाल्ने शिलशिलामा २०४५ सालमा मैले उहाँलाई अझ नजिकबाट जान्ने अवसर प्राप्त गरें। जतिवेला मलाई उहाँलाई अझ नजिकबाट जान्ने अवसर प्राप्त भयो। त्यतिवेला मलाई उहाँ एक परिपक्व अभिभावक लाग्थ्यो। उहाँकै प्रशासन अन्तर्गत झण्डै २$^1/_2$ वर्ष रहने अवसर पाउँदा आफूलाई सुरक्षित र गौरवशाली अनुभूत गर्दथें।

सर्वेभवन्तु सुखिन: सर्वेसन्तु निरामया सर्वे भद्राणी पश्यन्तुमा कश्चिद् दु:ख भागजन: अर्थात् सबैजना सुखी होऊन, सबै निर्भयसाथ बाँचुन, सबैले राम्रो कुरा देखून, कसैले दु:ख भोग्नु नपरोस्, सबै प्राणीप्रति सहानुभूति र संवेदनाको भाव मनमा ल्याउँ भन्ने विचारकी कमला गुरुमां बौद्ध धर्मकी प्रवर्द्धक, शिक्षा क्षेत्रकी उज्वल नक्षत्र तथा देशनामा ठूलो योगदान पुऱ्याउनु भएकी भद्र तथा नम्र स्वभावकी धनी वहुमुखी प्रतिभा सम्पन्न पनि हुनुहुन्छ, कमला गुरुमां प्रभात मा.वि. मात्र नभई सिङ्गो समाजकै निम्ति तारापुञ्ज हुनुहुन्छ। उहाँले स्कूलमा आफ्नो नाममाकमला नेवा ट्रष्ट सञ्चालन गरी असाध्य, गरिव विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आउनु भएको छ र साथै वेलावेलामा विद्यालयको हित र समस्यामा ध्यानमा राखी आर्थिक सहयोगको सँगसँगै सर-सल्लाह दिई आउनुभएबाट एउटा सच्चा शिक्षाप्रेमी व्यक्तित्वको रूपमा मैले कमला गुरुमांलाई लिएको छुँ।

समानतामा दृढ विश्वास भएकैले उहाँ धनी, गरिव, शिक्षित, अशिक्षित सबैलाई समान व्यवहार गर्न रूचाउनु हुन्छ र मित्रवत एवंम् शालीन सावित गरेरै छाड्नु हुन्छ। शुभचिन्तक तथा आत्मियजनसँग घुलमिल हुने र अरूको मन जित्न सक्ने विशिष्ट कलाकी धनी गुरुमां वहुजनकी प्रेरणाकी स्रोत हुनुहुन्छ।

उमेरमा समानता नभए पनि मैले जुन खालको मित्रवत व्यवहार उहाँबाट पाउने गरेको छु त्यसले म उहाँबाट निकै प्रभावित हुने गरेकी छु।

शिक्षा सम्वन्धी प्रवचनका क्रममा उहाँले एकपटक भन्नुभएको थियो– "बुद्धको शिक्षा सरल छ, व्यावहारिक छ। उहाँमा कतैपनि कट्टरता भेटिंदैन बरू मध्यमार्ग भेटिन्छ, परम्परावादी होइन उहाँ त गतिशील हुनुहुन्छ।"

"शिलवान, सदाचार, आत्मसंयमी, सर्वजन हिताय जस्ता धर्मका वाणीहरू संधै संधै उपयोगी छन्। शिष्यहरूलाई अनावश्यक दु:ख दिने, बोझ दिने खालको शिक्षा नदिई वरू दु:खको कारण र निराकरणबारे शिक्षा दिनु मेरो परम दायितव हो।" उहाँको भनाइ रहने गर्थ्यो।

सत्यलाई पर्गेल्न सक्ने र त्यसलाई दिनानुदिनको व्यवहारमा लागू गर्ने अद्‌भूत प्रतिभा छ गुरुमांमा। उहाँको विभिन्न व्यक्ति, संघ र संस्थालाई जुन ढङ्गले सक्दो सहयोग र नि:श्वार्थ योदान दिंदै आउनुभएको छ त्यो नमनीय, स्तुत्य र वन्दनीय मात्र होइन अनुकरणीय समेत छ। संसारलाई सत्मार्गमा डोऱ्याउनु खो ज्नेले आफ्ना सम्पूर्ण स्वार्थत्याग गर्नुपर्छ भन्ने आदर्शकी प्रतिमा हुनुहुन्छ कमला गुरुमां। आदर्श र तदनुसार व्यवहार प्रदर्शन गर्नसक्ने एक उत्कृष्ट धरोहर हुनुहुन्छ र स्वजन र आत्मियजनका निम्ति सिको गर्नुपर्ने भद्र व्यक्तित्व पनि।

अहिले कमला गुरुमां प्रव्रजित हुनुभएको ठीक ५० वर्ष भएको छ। यस पावन अवसरमा म आफ्नो एवंम् प्रभात मा.वि. परिवारको तर्फबाट गुरुमांलाई धेरैधेरै बधाई। यो अति दुर्लभ र अमूल्य प्रव्रज्याको स्वर्ण जयन्तीको पावन उपलक्ष्यमा उहाँलाई धेरै-धेरै भिन्तुना, सुस्वास्थ्य, दीर्घायु एवंम् सदासदा वोधिचित्तको कामना गर्दछु।

❖



Downloaded from http://www.dhamma.digital

# शुभ-कामना ... ...

**भिक्षु अश्वघोष**, उप-संघ नायक



कमला गुरुमांया प्रव्रजित जूगु ५० दँ दुगु लसताय् अभिनन्दन जुइधागु न्यना लय्ता वल । **पूजा च पूजनेय्यानं एतं मंगल मुत्तमं** बुद्धवचन कथं पूजा याय् बहपिंत पूजायाय्गु उत्तम मङ्गलगु ज्या खः । थ्व मूल्याङ्कनया नं ज्या खः कर्तव्य नं खः ।

छें बुँ माँ बौपिं तोता त्यागी जीवन जुइगु धयागु बांलागु जक मखु भिंगु नं खः । छाय् धासा त्यागी जीवन जुइगु धयागु बुद्धशासन चिरस्थायी जुयगु व थःगु जीवन सुथां लाइगु ज्या खः । मेकथं धाय् माःसा त्यागी जुया बुद्ध शासन बल्लाईगु धयागु अज्ञानिपिं, हारापिं ज्ञानी जुइगु लँपु क्यनेगु खः । बुद्धशासन उन्नति जुइत मनूत ज्ञानी जुइमागु जुया च्वन । उकियात त्यागी जीवन नं मागू जुया च्वन ।

नेपाले थेरवादी भिक्षुपिं, दयावसेंलि लोपथें जुया च्वंगु शुद्धगु बुद्धधर्म हानं खने दयावल । अथे हे प्रचार जुया वल । अपो हे धर्मप्रचार जुया वोगु छता खँ लुमंके वहःगु धम्मवती गुरुमां बर्मा बिज्याना प्रव्रजित जुया बुद्धधर्म सय्का सीका लिहाँवया धर्मकीर्ति विहार स्थापना याना धर्मप्रचार जुल । मिजँत सिवे मिसात अपो बुद्ध धर्मे श्रद्धा दुपिं थें पहचहः बांलापिं जुल । फलस्वरूप कमला गुरुमां नं धम्मवती गुरुमांया संगते लाना बर्मावनाः मोलमिन धाय् अनया मुख्यम्ह गुरुमां दो पञ्ञाचारी गुरुमांया पाखें प्रव्रजितजुया बिज्यात । अन अनगारिका जूबले पञ्ञा (प्रज्ञा) नां तगु खः सानं आतकं नं कमला नामं हे प्रसिद्ध जुया च्वन ।

धम्मवती गुरुमां नं अनहे मोलमिन दो पञ्ञाचारी गुरुमांयाथाय् च्वना बुद्धधर्म सय्का, सीकाः धम्माचरिय उपाधि कया बिज्यागु खः । बुद्धशासन बलायगु मनसायं त्यागी जीवन हना कमला गुरुमा नं कमलपोखरी पद्मकीर्ति विहार स्थापनायाना बिज्यात । अनंनिसें धर्मप्रचारया ज्या न्ह्यानावं च्वंगु दु । लिपा थ्यंक पद्मकीर्ति विहार टिके याय्त व धर्मप्रचार याय्त मेपिं मचापिं गुरुमांपिं स्वम्ह प्यम्ह तालिमयाना बिज्याना च्वंगु दु ।

भगवान बुद्धं बरोबर कना बिज्याइगु खँ स्वता दु । जन्म जुइसातं कुबिया वोगु– बुढा, बुढी जुइमागु, ल्वेजुइका च्वनेमागु, सिना वनेमागु । थुपिं स्वता मध्ये कमला गुरुमांयात ल्वचं दुःखबिल । व नं किड्नी स्यंगु ल्वे । स्यंगु किड्नी समेत हिले माल । म्वाइथे मच्वंम्ह वासः व धर्मया बलं थौं तक न धस्वाना बिज्यात । **धम्मो हवे रक्खति धम्मचारी** अर्थात् धर्मयाइम्हेसित धर्मं रक्षायाई धयागु बुद्धवचन कथं कमला गुरुमांयात धर्मं रक्षायाना च्वन धयागु पूरा विश्वास खः । जिनं निगू स्वंगु अपरेशन यायमाय्क ल्वे जुइ धुंकल । आ ८५ वर्ष दत । धर्मप्रचारया ज्या याना च्वनागुलिं जिनं धस्वाना च्वना धाय्माल बःमलासां । जिगु पूरा विश्वास खः खजा धर्मया नापं वासः याय्त ध्यबा नं माःगु जुयाच्वन । उकिं धर्मं नंध्यबा नं नितां माःगु धयागु खँ लोमंके मज्यू । कमला गुरुमां नं ५० वर्षया दुनेगुलि पुण्य र धर्मयाना बिज्यात व हे धर्म बलं कमला गुरुमांया ता आयु नापं निरोगी जुया च्वनेमा धयागु शुभ-कामना याना च्वना । ❖



Downloaded from http://www.dhamma.digital



# बुद्ध शासनया यात्राय् कमला गुरुमां

✍ लोचनतारा तुलाधर

*धर्मकीर्ति विहारको स्थापना कालका गुरुमांहरूसँगै कमला गुरुमां*



**कमला गुरुमांया मचा ई :**

मां पद्मकुमारी व अबु पद्मबहादुर राजकर्णिकारया झिम्ह म्हचाय् व छम्ह काय् मध्ये दकलय् त:धीम्ह म्हचाय् जुया वि.सं. २००४ सालय् कमला राजकर्णिकारया जन्म जुल । वय्क:या अबुजुया प्यम्ह दाजुकिजा दुगुलि मेपिं ख: गणेश राजकर्णिकार, महाजन राजकर्णिकार व घनश्याम राजकर्णिकार । यँया कमलपोखरीइ पुर्खौलिइ छेँय् वय्क: पिनि त:धंगु जहान परिवारया पाउरोटी व केकया कारखाना पस: ख: । वय्क:या अबु कलकत्ताय् वना: केकयात मा:गु घ्यो, यिष्ट आदि सामान का:वनीम्ह ख:सा मेपिं दाजुकिजापिं थन यँय् र कारखानाय् स्वइपिं ख: । कमलाया अबुजुया थ: मस्तय्त आख: ब्वंकेगु छगू त:धंगु इच्छा ख: । कमलाया प्रारम्भिक शिक्षा क, ख या शुरूवात नंसा:या नन्दी पाठशालाय् शुरू जुल । अनं २, ३ कक्षा भोताहिटिया बालकुमारी स्कूलय् जुल । अनं ६, ७, कक्षा महेन्द्र भवन स्कूलय् जुल ।

**गृहत्याग :**

वय्क: स्कूल ब्वना च्वंगु इलय् वय्क:या त:मां व मां यलय् विहारय् बुद्धघोष भन्तेयाथाय् बरोबर वनेगु या: । वयक:या पाजु भक्तकृष्ण (लिपा भिक्षु सुमंगल) या नं बुद्धघोष भन्ते नाप संगत दुगुलिं बुद्ध धर्म पाखें मन क्वसा: । लिपा भक्तकृष्ण श्रीलंकाया नारद भन्ते पाखें प्रभावित जुया: श्रीलंका झाया: बुद्धधर्म अध्ययन याना दिल । वस्पोल श्रीलंका लिहाँ बिज्याना: बर्माय् भिक्षु जुया बिज्यात । वस्पोल भन्ते नेपालय् बिज्याना: श्रीघ: विहारय् च्वंच्वंगु इलय् कमला थ: मांनाप वस्पोल



Downloaded from http://www.dhamma.digital



*कसैलाई राम्रेसंग खुवाउन पायो भने आफू खुशी हुने कमला गुरुमांको बानी*

नाप ला: वन । अनं भन्ते नं कमलायात बर्माय् आख: ब्वंवने न्ह्याःला धया बिज्यात । थ्व ब्वनेगु जूसा अनगारिका जुयाः ब्वनेमा: धया बिज्यात । थव खँ न्यनेवं कमलायात आख: ब्वनेगु लोभं सात्तु साल । अबुजु पद्मबहादुर नं आख: ब्वंके खनीगु जूसा छ्ववया बी धयागु मनं तुनं । उगु इलय् धम्मवती गुरुमां अध्ययन यायेत बर्माय् च्वना बिज्याना च्वंगु ख: । सुमंगल भन्तेनं धम्मवती गुरुमांयात जिमि भिन्चा छम्ह वइ धका: धया तल । थुकथं वयकःया अबुजं हे पासपोर्ट दक्वं मिलय्याना: कलकत्ताय् थ्यंक त:झाल । अलय् वस्पोल कलकत्तां बर्मा बिज्यात । सुमंगल भन्ते न रङ्गूनय् मू दातापिं दक्वं मिलय्याना तया तल । थुकथं वि.सं. २०१९ सालय् कमलां दो पञ्ञाचारी गुरुमांया उपाध्यायत्वय् मां पञ्ञानामं अनगारिका प्रव्रज्या ग्रहणयाना बिज्यात । वस्पोलं मोलमिनया खेमाराम नन्स स्टडिजय् बुद्ध धर्मया अध्ययन न्ह्याका बिज्यात । अन वस्पोलं बुद्धधर्म अध्ययनया सिलसिलाय् अभिधर्म पहिलो तहया सरकारी जाँच क्वचाय्का बिज्यात । थुगु इलय् बर्माय् मांगुण गुरुमां, धम्मवती गुरुमां, चमेली गुरुमां, रत्नमञ्जरी गुरुमां, चीनी गुरुमां व संघरक्षिता गुरुमांपिं दुगु जुल ।

**नेपालय् कमला गुरुमां :**

वि.सं. २०२२ कमला गुरुमां नेपा: लिहां बिज्यात । थ्व इलय् धम्मवती गुरुमांया सकृयताय् श्रीघ: बहालय् धर्मकीर्ति विहार निर्माणजुया च्वंगु नकतिनि सिध:गु ख: । थन चवनेगु अवस्था मजूनिगुलिं धम्मवती गुरुमांपिं त:खाछेँया दानलक्ष्मी कंसाकारया छेँय् च्वंच्वना बिज्याना च्वंगु ख: । नेपालय् थ्यनेवं कमला गुरुमां थ:गु छेँय् कमलपोखरीइ हे बिज्यात । थ्व खँ धम्मवती गुरुमां नं सिया: कमला गुरुमांयात मोटरं का:बिज्यात । थुकथं मेपिं गुरुमांपिं नापं कमला गुरुमां नं दानलक्ष्मी कंसाकारया छेँसं हे च्वना बिज्यात । अन हे जलपान भोजन नं मिलय् जुल । लिपा धर्मकीर्ति विहार पूवंक क्वचाय्वं गुरुमांपिं अन हे च्वंवयेगु शुरू जुल । रत्नमञ्जरी गुरुमां व कमला गुरुमां जाना धर्मकीर्तिइ दक्कय् न्हापां जाथुया: भोजन तयार याना बिज्या:गु ख: । धर्मकीर्ति विहारय् च्वच्वं वस्पोलया श्रीघ:लय् च्वंगु प्रभात मिडिल स्कूलय् प्रौढ स्कूल चायेका: आख ब्वंका त:गु खन । थ:नं अन ब्वंवने द:साज्यू धयागु मनय् वल तर विहारय् नं स्कूलय् नं थ:म्हं तु खँ तय् मछाला: घनश्याम कका पाखें खँ तय्के बिल । थुकथं घनश्याम ककाँ स्कूलय् नं विहारय् नं अनुमति कया बिसेंलि स्कूलय् औपचारीक शिक्षा कथं च्यागू तगिमय् (कक्षा ८) य् भर्ना जुल स्कूल सुथय् ६ वजे निसें ९ वजे तक जूगुलिं अनुकूल मिलय् जुल । आख: ब्वंगु इलय् वस्पोलयात तसकं हे आर्थिक कारण दु:ख जूगु जुल । विहारय् थौंकनय् थें दान वीगु अप्व: चलन मदुनि । बुद्धपूजा जुइगु दिनय् न्ह्य् म्व: । स्वतका दान वइ । अप्व: थें उपासक, उपासिकापिसं न्याग: झिग: दान बीगु चलन । छम्व: ब्यूम्ह यक्को हे दान ब्यूम्ह जुई । थ:थ: दान मुना तरकारी न्याना: ज्वरय् यायेगु चलन उबलय् धर्मकीर्ति विहारय् मांगुण गुरुमां, रत्नमञ्जरी गुरुमां, धम्मवती गुरुमां, चमेली गुरुमां व कमला गुरुमां याना जम्मा न्याम्ह ख: । सकलें गुरुमांपिं जाना सुथय् सुथय् मस्तय्त बुद्ध शिक्षा



Downloaded from http://www.dhamma.digital

ब्वंकेगु शुरूयाना बिज्या:गु ख: ।

**अनागारिकापिं मध्ये न्हापां एस.एल.सी. :**

प्रभात प्रौढ स्कूलय् ब्व ब्वँ कमला गुरुमां नं वि.सं. २०२४ य् एस.एल.सी. दोस्रो श्रेणीइ पासयाना बिज्यात । एस.एल.सी. जाँचया तयारीयायत वस्पोलँ गुंगू कक्षांनिसे टच्यूशन तये माल । उकियात खर्च सदां लय्लय् पतिकं थ: अबुजुया छेँय् वना: पसलय् वना: धेवा का: वनेमा: त:धंगु जहानया सगोलगु पसलय् थ: अबु न्ह्याबलें पसलय् मदु । अथे जुया वस्पोलं तसकं म्हायेक म्हायेक हे आख: ब्वनेगु तिव्र इच्छांयाना बाध्य जुया: टच्युशन व स्कूल फि पुलेत पसलय् धेवा का: वना च्वने माल । न्हापा ध्यवा पसलं जक हे बीगु चलन ख: । थुकथं विभिन्न कठिनाइत पार यायां वस्पोलं त्रिचन्द्र कलेजं आइ.ए. व बी.ए. पासयाना बिज्यात । बौद्ध परियत्तिइ पाँच कक्षातक पासयाना बिज्यात ।



*वि.ए. डिग्री लिँदाको दिक्षान्त पोशाकमा कमला गुरुमां*

**शिक्षा क्षेत्रय् योगदान :**

शिक्षा प्रेमीम्ह कमला गुरुमांनं वि.सं. २०२८/२०२९ साल पाखें झोछेँया छगू निम्न माध्यमिक स्कूलय् स्वयंसेवक रूपय् ज्यायाना बिज्यात । आनन्दकुटी विद्यापिठय् निदँ मयाक ४-५ कक्षाय् अंग्रेजी ब्वंका बिज्यात । यशोधरा बौद्ध विद्यालयय् न्हयदँ-च्यादँ मयाक अध्यापन नाप-नापं क्यासियरयाज्या यानाबिज्यात नापं अन बौद्ध परियत्ति कक्षाय् नं ब्वंका बिज्यात । लिपांगु यलय् प्रभात माध्यमिक विद्यालय् ३४ वर्ष ७ महिनातक लगातार अध्यापनयाना बिज्यात निदँत्या तक सहायक हेडमाष्टर अथे हे निदँत्या मयाक तक हेडमाष्टर जुया २०६४/६५ अवकाश प्राप्त जुया बिज्यात । थुकथं प्रवजित जीवन हना: नं राष्ट्रया शैक्षिक क्षेत्रय् ताईतक सेवायाना बिज्या:म्ह गुरुमां थ:गु स्वास्थ्यया प्रतिकूल अवस्थाय् नं थ:गु कर्तव्य पूवंक बिज्याना च्वंगु ख: ।

**पद्मकीर्ति विहार निर्माण:**

वि.सं. २०२८/२९ सालपाखें कमला गुरुमांनं धर्मकीर्ति विहार त्व:ता बिज्यासेंलि गबलें थ:गु छेँय् गवलें माधवी गुरुमांयाथाय् यलय् च्वनेगु जुल । थुबलय् हे यशोधरा विद्यालययात आपालं गुहालीयाना बिज्यात । वि.सं. २०४७ सालं कमला गुरुमांया अबुजुं विया दिगु जग्गाय् पद्मकीर्ति विहारनापं धर्मकीर्ति विहारया शाखा विहारकथं निर्माणयाना बिज्यात । थ्व विहारय् न्हू पुस्ताया अनागारिकापिं थन हे प्रव्रजित जुया: विहारया ज्या निरन्तरता बिया बिज्याना च्वंगु दु । पद्मावती गुरुमां, करूणावती गुरुमां, सिप्पवती गुरुमां, भावनावती गुरुमां थन हे प्रव्रज्या जुया बिज्या:पिं ख: । ध्यानवती गुरुमां व पभावती गुरुमां जक धर्मकीर्ति विहारं बिज्या:पिं ख: ।

पद्मकीर्ति विहारय् थौंकन्हय् शनिवा पतिं बुद्धपूजा, धर्मदेशना, ध्यान भावना अटुटं चलय्जुया च्वंगु दु । दच्छिया छक्व महापरित्राण, गुंला लच्छि वाखं कनेगु, ध्यान अभ्यास यायेगु जुयाच्वं । थन अल्पकालीन ऋषिनी थाय्गु ज्याइव: नं दु । न्हापा झिनिनु/न्हेनुयाना वया च्वंगुलिई आ:स्वनु जक यायेगुजुया च्वंगु दु ।

थुकथं बुद्ध शासनयात चिरस्थायीयायेत कमला गुरुमांनं मदिक्क न्ह्यज्याना च्वंगुलिई वस्पोलया भिंउसाँय् व ताआयुया कामना याना च्वना । ❖

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरु**

*क्र.सं. ६९१*

**श्रीमती रत्नदेवी कंसाकार**

४९ ज्याठा मार्ग, कान्तिपथ

रु. १०२०/-





Downloaded from http://www.dhamma.digital



*कमला गुरुमांका साथमा अन्य मान्यजनहरू*

# कमला गुरुमांया
## संक्षिप्त जीवनी

थौं प्रव्रज्या ५० दँया सुवर्ण महोत्सव हनाच्वनाम्ह श्रद्धेय कमला गुरुमांया जन्म वि.सं. २००४ सालय् मंसीर महिनाय् मां पद्मकुमारी व अबु पद्मबहादुर राजकर्णिकारया न्हापांम्ह सुपुत्री कथं जूगु खः । (व इलय् आखः ब्वनेगु चलन कम खः । उकिसनं मिसामस्तयत् ला झन हे थाकु । वय्कःया अबुया वय्कःयात अंग्रेजी ब्वंकेगु साःप इच्छा जुया च्वन । वहे इलय् सुमंगल भन्ते गुम्हकि वसपोलया पाजु खः, वय्कलं नेपाःया मस्तय्त आखः ब्वंकेत बर्मा यंकेत्यंगु दु धइगु खँ सीवं कमला गुरुमांया बाःनं वयकःयात बर्मा वनेगु व्यवस्था यानाब्यूगु जुयाच्वन । उलिजक मखु मिसा मचायात विदेश छोल धइगु आरोप वइ धकाः सुनानं मसिक कलकत्ता थ्यंक तः झागु जुयाच्वन । वसपोलया माँ बौ नं ब्वंकेगु ल्याखं जक बर्मा छोगु खः । तर संस्कार दुम्ह वसपोल अन हे प्रव्रजित जुयाः पक्काम्ह त्यागी जुया बिज्यात । मचांनिसें माँ बौनाप विहार वनेगु व थः पाजु सुमंगल भन्तेया कारणं वसपोलयात बुद्धधर्म प्रति तःधंगु श्रद्धा दुगु जुया च्वन लिसें प्रव्रजित जुइत प्रेरणा सुमंगल भन्तेपाखें दुगु जुया च्वन । वसपोल बर्मा बिज्याःगु ई वि.सं. २०१९ साल पाखे खः ।

सन् १९६१ जुलाई, थ्व जुल कमला गुरुमांया प्रव्रज्या दँ । बर्मायाम्ह भिक्षुणी (अनागारिका) दो पञ्ञाचारी गुरुमांया उपाध्यायत्वय् बर्माया मोलमिन शहरया खेमाराम विहारय् प्रव्रजित जुया बिज्यायव्ं नेपालं वःम्ह मय्जु कमला राजकर्णिकार अनागारिका 'मा पञ्ञा' जुया बिज्यात । उबलय् १५ दँ जक दुम्ह मिसा मचा नेपालंनिसें वा याः प्रव्रजित जू वःगु धकाः बर्माया पत्र-पत्रिकाय् तकं चर्चा जूगु जुयाच्वन । बर्माय् 'मा पञ्ञा' नामं जाःसां नेपालय् वयाः धाःसां वसपोल 'कमला गुरुमां' नामं हे चर्चित जुया बिज्यात ।

बर्माय् वसपोलं न्हापां बर्मी भाय् सयेका बिज्यात । अनंलि परित्राण सूत्र, अभिधर्म थें ज्वःगु गहन विषय लिसें बुद्ध धर्मया आपालं आधारभूत शिक्षा कया बिज्यात । अन स्वलातक महासी शासन यैता (ध्यान केन्द्र) य् ध्यान नं च्वना बिज्यात । उगु इलय् वसपोलनापं धम्मवती गुरुमां, रत्नमञ्जरी गुरुमां, चिनी गुरुमांपिं नं दुगु जुया च्वन ।

स्वदँतक बर्माय् च्वनाः २०२२ साल पाखे नेपाल लिहाँ वये धुंकाः वसपोलया माँ-बौपिसं वसपोलयात प्रव्रजित जीवन त्वःताः गृहस्थी जू वयेत आग्रह याःगु खः । तर वसपोल माने मजू । अनागारीका जुयाः हे धम्मवती गुरुमां नापं विहारय् च्वना बिज्यात । २०२२ पाखे स्थापना जूगु धर्मकीर्ति विहारय् वसपोल व रत्नमञ्जरी गुरुमां निं न्हापां च्वं बिज्याःगु खः अबले ।

श्रीघःलय् २०२२ सालपाखे प्रभात मा.वि. प्रौढ शिक्षा ब्वनाः लिहाँ वःपिं छगू हूल मनूत वसपोलं खन ।



Downloaded from http://www.dhamma.digital

थ्व खँ कका घनश्याम राजकर्णिकारयात कना दिल। ककां जिउ धायेवं प्रौढ कक्षा ब्वना दिल। सुथसिया खुता: इलंनिसें गुता:ई तक ब्वना: नं बहनी टच्यूशन ब्वनादी । छको टच्युशन फि पुलेत निन्यातका दां माल धका: अबुयाके का: वनं वयक:याके (अबुयाके) ध्यबा मदुगु जुयाच्वन । लिपा मामं उखे थुखेंयाना: मुंका तयागु ध्यबा दको तया: गाका: बिया दिल । उगु घडीयात वसपोलं थ:गु जीवनया छगू त:धंगु दु:ख तायेका बिज्याइ। लिसें मांया गुण तसकं लुमंका बिज्याइ। लिसें थ्व हे इलय् वसपोलं जि थम्हं हे कमे याना: आख: ब्वने धका: संकल्प यानागु नं कदानी । संघर्षपूर्वक आख: ब्वँब्वँ वि.सं. २०२४ सालय् वसपोलं एस.एल.सी. पासयाना बिज्यात । थुकथं अनागारिका जुया: एस.एल.सी. पास याम्ह कमला गुरुमां नेपा:याम्ह न्हापांम्ह गुरुमां जुया बिज्यात। अनं लिपा त्रिचन्द्र कलेजय् भर्ना जुया वि.ए. पास याना बिज्यात। लिपा बि.एड. नं याना बिज्यात ।

स्कूलय् अनागारिका च्वये मछिना: व इलय्याम्ह शिक्षक सुवर्ण शाक्यं वसपोलयात कमला नेवा: धका: नां तया ब्यूगु जुया: स्कूलय् वसपोलया नां कमला नेवा: जुयाच्वना । बि.एड. पास जुइधुंका: प्रभात मा.वि. हे शिक्षिका जुया: शिक्षण पेशा नाला दिल। शुरूइ ला स्वयंसे विका कथं जक ब्वंका बिज्या:गु । लिपा २०२८ सालं न्हूँ शिक्षा लागू जूबलय् प्यस: तका दां तलबं शिक्षिका कथं नियुक्त जुयादिल । थुकथं अनागारिका जुया: शिक्षिका जुयादिम्ह नं वसपोल नेपालया न्हापांम्ह अनागारिका जुयादिल थम्हं सेवा यायां ३३ वर्षतक च्वनेधुंका लिपा स्वदँतक प्रधानाध्यापीका पदय् नं च्वना बिज्यात। अनंलि ३६ दँ लिपा शिक्षण पेशां अवकास कया बिज्यात।

२०२८ साल लिपा वसपोल त:दँ तक यलय् धर्मकीर्ति विहार त्व:ता: यशोधरा बौद्ध विद्यालय च्वं बिज्यात । शिक्षणया इवलय् वसपोलं धर्मकीर्ति विहार, आनन्दकुटी विद्यापीठ, सिद्धार्थ शिशु निकेतनय् प्रिन्सिपल पदय् च्वना:, वथेंतु यशोधरा बौद्ध विद्यालयय् ७/८ वर्ष औपचारिक नाप-नापं बौद्ध परियत्तिं शिक्षाया अध्यापनयाना बिज्या:गु ख: । बौद्ध परियत्ति शिक्षाय् नं वसपोलं परियत्ति सद्धम्म पालक प्रवेश द्वितीय वर्ष तकया डिग्री कया बिज्यात ।

शिक्षाप्रेमी कमला गुरुमांया शैक्षिक सेवा नापनापं प्रभावकारी बुद्धशासनिक योगदान वि.सं. २०४७ सालं पद्मकीर्ति विहार स्थापनालिसें ज्वी २०४५ सालं कमला गुरुमांया अबुजं न्याना त:गु कमलपोखरी च्वंगु नीजी जग्गाय् वसपोलया किजा राजेन्द्र राजकर्णिकारजुं चारआना जग्गा कमला गुरुमांयात दान ब्यूगु ख: । थ:त जग्गा दसेंलि थ:गु जीवनया ज:छिं मुंका तयागु २० हजार दां व किजां ब्यूगु आर्थिक सहयोगं प्यकू कोठा दयेका: न्हापां पद्मकीर्ति विहार नीस्वना बिज्यात ।

विहार दसेंलि कमला गुरुमांपाखें ठोस कथं, बुद्धधर्म प्रचारयायेगु शुरू जुल । थौं थन विहारय् नित्य रूपं वइपिं उपासक उपासिकापिं सच्छिं मयाक दु । थन नित्य रूपं बुद्धपूजा, धर्मदेशना, महापरित्राण, अभिधर्मपाठ, पट्ठान पालि पाठ भिक्षु महासंघयात दान प्रदान, अनागारिका संघयात दानप्रदान, वथेंतुं (सच्च विभंग सूत्र) अर्थ सहित पाठ इत्यादि गतिविधि जुयांतु च्वंगु दु । वथेंतु बौद्ध परियत्ति शिक्षाया पठन-पाठन नं जुया च्वंगु दु ।

कमला गुरुमां नं थन थ:म्हं हे उपसम्पदा याना: ५ म्ह अनागारिकापिन्त स्थायी रूपं तया: तालिमयाना त:पिं मध्ये हालय् अनागारिका करूणावती, अनागारिका पभापती, अनागारिका ध्यानवती, अनागारिका भावनावतीपिं बुलहुं बुद्ध शासनयात टेवा बीफुपिं व्यक्तिपिं कथं तालिम जुजुं वया च्वंगु दु ।

थौं पद्मकीर्ति विहार छगू सक्रिय थेरवादी विहार कथं सुथां लाक्क न्ह्याना च्वंगु दु। थन विशेष कमलपुखु क्षेत्रयापिं लिक्कया क्षेत्रपिं गथेकि नक्साल, लाजिम्पाट, मै तीदेवी, कमलादी, अनामनगर, जयनेपाल, ज्ञानेश्वर, जयवागे श्वरी, असन इत्यादि थाय्यापिं उपासक-उपासिकापिं मुं वइ। पद्मकीर्ति विहारयागु गतिविधि पाखें थेरवादी बुद्ध शासनप्रति आकर्षित जुया: बुद्ध शिक्षा ग्रहण या:पिं आपलं उपासक-उपासिका दाता थुलिमछि मनूत बौद्ध शिक्षा ग्रहण याय् दया: लाभान्वित जुल । इलय् विलय् थन विहारय् नेपा:या तत:धंपिं भन्ते, गुरुमांपिन्त आमन्त्रितयाना: धर्मदे शना याकेगु ज्याइव: न्ह्याका च्वंगुलिं: थ्वक्षेत्रया बासिन्दापिं यक्को लाभान्वित जूगु जुल ।

थ्व विहारया चिरस्थायी निंतिं संरक्षण कोष स्थापना जुइधुंकल । थ:गु शेष लिपा धर्मकीर्ति विहार संरक्षण कोषयात ल:ल्हायेगु ज्या २०६५ सालं रजिष्ट्रेशन नापं पास जुई धुंकल । कमला गुरुमांया थ्व दूरदर्शी सोच तसकं च्वछाये वह: जू ।

दु:खं जा:गु थ्व संसारय् वसपोलयात मृगौला रोगं कया त:दँ तक थ्व ल्वचं दु:ख सी धुंका: थ:गु हे हिम्मत व संघर्षं कमला गुरुमां नं भारतया गङ्गाराम अस्पतालय् वना: उपचार याना: झाल । सन् 2003 July लय् वसपोलया Kidney Transplant उपचार सफलतापूर्वक जुल। वसपोलयात पुनर्जीवन ला दत। तर थजागु उपचारं लिपा व्यक्तिपिं पूर्ण रूपं स्वस्थ जुई थाकु। इलय् व्यलय् वसपोल आपालं हे स्वास्थ्यया कारणं पीडित जुया बिज्यात आ:नं दम वइगुलिं अक्सिजन कया च्वनेमा: तर बुद्धधर्मया निंति समर्पित कमला गुरुमां सुंक च्वना मदी । थ:गु स्वास्थ्यया परवाह मयासें बुद्ध शासनया निंतिं जिवं फतले सना च्वनादीगु दु। वसपोलया पला: थौंतक लिचीगु मदु । ❖



Downloaded from http://www.dhamma.digital

# हने बःहम्ह कमला गुरुमांयात 'वन्दना' अले 'भिन्तुना'

✍ **तुलसी साय्मी (मानन्धर)**, नक्साल




*बौद्ध गतिविधिमा कमला गुरुमां*

वसपोल 'पद्मकीर्ति विहार' कमल पुखूया संस्थापक अध्यक्ष खः। माँ-अबु (पद्मकुमारी पद्मबहादुर राजकर्णिकार, संस्थापक कृष्ण पाउरोटी भण्डार) या मन त्याका दृढ-प्रतिज्ञायाना दिया गृहत्याग याना दी फुम्हः संक्षम व्यक्ति नं खः। बुद्ध शिक्षा व बौद्ध सधर्मया प्रचार-प्रसारया निंति वसपोलं सुख-सुविधा दक्व त्याग याना विज्याःत। बुद्धशासन कालयात छसिकथं न्ह्याकेत अले संघयात संस्थागतयाना विज्याय्‌त वसपोल मचावले अवस्थाय् हे प्रव्रज्या जुया विज्यात। वसपोलया थ्व समर्पित भावनाया कुत तेल्लागु, सेल्लागु व बल्लागु दसु मखुला ?

वसपोलया घापू कथं थ्वः भिं ज्याःया प्रेरणाया स्रोत व मार्ग दर्शकया लिधंसा हनेवहपिं माँ-अबु, बुद्ध विहारया संस्थापक श्रद्धेय सुमंगल भन्ते अले धर्मकीर्ति विहारया श्रद्धेय धम्मवती गुरुमांपिं खः।

विहारया नियमित सेवा ज्याः इवःया ल्यू ल्यू प्रभात माध्यमिक विद्यालय, श्रीघः, नघःत्वाःयैं ३४ दँ तक अध्यापन (शिक्षा-दान) याना विज्यात। वसपोलं स्नातक नं याना विज्यागु खः। माँ-अबु लुमन्ति वहे विद्यालय "छात्रवृत्ति" पलिस्थायाना विज्यागु दु। वसपोल प्रध्यानापीका नं जुया विज्यागु खः।

वसपोलया स्वास्थ्यया स्थिति कथं ९ दँ न्ह्यवः मृगौला हिले माल। थ्वः ज्याः सकलसिया शुभेच्छा कथं वांलात। थ्व झी सकसिया निंति लयताया खँ खः। वसपोल संघर्षशील जीवन नाप ल्वाना बिज्यात। अति स्वास्थ्य प्रतिकूल अवस्थाया वावजूत वसपोलं थःत वर तया विज्याना अपो बौद्धजागरण व बुद्ध सधर्म प्रचार-प्रसारया ज्याःय् समर्पित जुया विज्यात। श्रद्धेय गुरुमांपिं, भन्तेपिं, अनागारिकापिं, नुगः चकंपिं सकल जःपिं, थःथिति सकल जःपिं, उपासक-उपासिकापिं, दान-दातापिं, संघया दुजःपिं, ब्वमिपिं अले विद्यालय परिवारपिंनिगु वसपोल प्रति मैत्री, करूणा, सद्व्यवहार व वातावरणया लिच्वः खः। छिकपिन्त साधुवाद व सुभाय् देछाय् दया झी लय्‌ता।

वसपोलया दिवंगत श्रद्धेय माँ-अबु व किजा-भौ पिन्सं "पद्मकीर्ति विहार" या पलिस्था यायृत छँ-बूँ दान विया दीगु लुमंके वहगु खँ खः। अथेहे दछि न्ह्यवः छगू भव्य समारोहया दथ्वी माँ-अबुया लुमन्ति थ्वः निर्मित "पद्मकीर्ति विहार" धर्मकीर्ति संरक्षण कोषयात विधिपूर्वक वसपोलं लःल्हानाः भिंज्याः याना विज्यात। थ्वः पुण्यगु ज्याः खः। थ्वः ऐतिहासिक योगदानया मूल्याङ्कन लुमन्तिया चिं खः। थ्वः वसपोलया आज्जु जुइमा धैगु जिमिगु मनं तायका। आःझी सकसिगुं कर्त्तव्य खः थ्वः विहारयात धस्वाका खुसिथें न्ह्याका शतिशीलयाना जीवन्त बीमागु दु। थौंकन्हें थ्व विहारे न्याम्ह अनागारिका गुरुमांपिं दु।

थ्व पद्मकीर्ति विहारया ग्वसालय् क्वय् च्वंगु धल: पौयात प्राथमिकताया आधारे फुचाः कथं लछि, निलाय्, स्वलाय्, खुलाय् व दछियादुने छसिकथं छगूछगूयाना ज्याः इवः योजना तालिका दय्का न्ह्यःज्याःना वनेफुसा बांलाई धैगु जिमिगु बिचाः व इनाप नं खः।

(क) तःतः धंगु ल्वय् दुपिं नुगः चु मुटु, क्यान्सर, मृगौला व अपाङ्गपिन्त मैत्री, करूणा, सद्व्यवहार व हेरविचारया ल्यूल्यू फुसा फको आर्थिक ग्वाहाली याय्‌गु व्यवस्था।

(ख) माँ-अबु मदुपिं अनाथ मचा-खाचा पिन्त छात्रवृत्ति व सफू कापी, सिसाकमल इनेगु।

(ग) थः सुं जःपिं मदुपिं हने वहपिं ज्याथः ज्याथि पिन्थाय् सुचुकुचु अले ग्वाहाली।

(घ) विपन्न असहाय व निर्धन दलितवर्ग पिनिगु हित जुइगु ज्याःइव ताले केगु।

(ङ) 'हि दान - जीवन दान' ज्याःइवःयात नियमित याय्‌गु।

(च) स्वास्थ्य शिविर व तालिम गांःगांः वना न्ह्याकेगु

